# कर्म फलको सुनिश्चित सिद्धान्त

# ( गहनाकर्मणो गति )

लेखक:  पं. श्रीराम शर्मा आचार्य

अनुवादक:  अयोध्या प्रसाद श्रीवास्तव

कार्य कहिले पनि कारणरहित हुदैन ठीक त्यस्तै नै कुनै पनि क्रिया परिणाम रहित हुदैन ।स्थूल र सूक्ष्म दुवै दृष्टिले श्रृष्टिको यो मौलिक नियम नै हो कि भाग्य कहिले पनि आफै निर्मित हुदैन , अपितु यो ब्यक्ति को कर्मको कलमबाट लेखिन्छ । राम्रो वा नराम्रो भाग्य सदैव आफनै कर्मको फल हुने गर्दछ ।

– अखण्ड ज्योती जुलाई १९८९, – पं. श्री राम शर्मा आचार्य

" वंदे वेद मातरम् "

# गहना कर्मणो गति

लेखक:  पं. श्रीराम शर्मा आचार्य

अनुवादक:  अयोध्या प्रसाद श्रीवास्तव

प्रकाशक

– युग निर्माण योजना विस्तार ट्रष्ट

– गायत्रीतपोभुमि, मथुरा

फोन न. (०५६५) २५३०१२८, २५३०३९९

मो नं. ०९९२७०८६२८७, ०९९२६०८६२८९

फ्याक्स २५३०२००

## भूमिका ः

निःसदेह कर्मको गति बडो बलशाली हुन्छ । धर्मात्मालाई दुख, पापीलाई सुख, अल्छीलाई सफलता, उद्योगशीललाई असफलता, विवेकी माथी विपत्ति, मूर्खलाई सम्पत्ति , घमण्डीलाई प्रतिष्ठा र सत्यनिष्ठलाई तिरस्कार प्राप्तभैरहेको अनेक उदाहरण यो संसारमा हेर्न सकिन्छ । कोहि जन्मले नै बैभव लिएर जन्मेको हुन्छ र कसै कसैलाई जीवनभरी दुखनै भोग्नु परि रहेको हुन्छ । सुख र सफलताका जे नियमहरु निर्धारित छन ती सर्वांश पुरा हुदैनन् ।

यी सवै कुरालाई हेरेर भाग्य ईश्वरको इच्छा र कर्मको गतिका सम्वन्धमा नानाथरीका प्रश्न र संदेहको ताँती लागी हाल्छ । यी संदेश र प्रश्नको जुन समाधान प्राचीन प्रस्तक हरुमा पाईन्छ, त्यसबाट आजको तर्कशील युगमा समुचित समाधान हुन सकिरहेको छैन । फलस्वरुप नयाँ पुस्ता ती पश्चिमी सिद्धान्तहरु तिर ढल्की रहेको छ । जसले ईश्वर र धर्मलाई पाखण्ड र मानिसलाई पंचतत्वद्धारा निर्मित बताईन्छ तथा आत्माको अस्तीत्व देखि इनकार गरिन्छ । कर्मफल दिने शक्ति राज्यशक्तिका अतिरिक्त अन्य कसैमा छैन । ईश्वर र भाग्य कुनै तथ्य होइनन आदि नास्तीक बिचार हाम्रो नयाँ पीढीमा वस्दै गएका छन ।

यो पुस्तकमा वैज्ञानिक र आधुनिक दृष्टिकोणबाट कर्मको गहन गतिमा बिचार गरिएको छ र यो बताईएको छ कि जो जति फल प्राप्त हुन्छ, त्यो आफनो कर्मको कारण नै हुन्छ । मेरो विचारमा यो पुस्तकले कर्मफल सम्वन्धी जिज्ञासाहरुलाई केहि मात्रामा भए पनि समाधान अवश्य गर्ने छ ।

पं. श्रीराम शर्मा आचार्य

## गहना कर्मणोगति ः

चित्रगुप्तको परिचय

नयन्ति नरकं नूनं मात्मानो मानवान हतः ।

दिवं लोकं च ते तुष्टा इत्यूचुर्मन्त्र वेदिन ः ।।

पंचाध्यामी

नूनं ( निश्चयबाट ) हनन गरिएका ( आत्मान ः)

आत्माहरु ( मानवान ) मानिसहरुलाई (नरकं)

नरकमा ( नयत्ति ) लै जान्छन् ( च)

र तुष्टा ) संतुष्ट भएका आत्माहरुले

( दिब्यलोकं ) दिब्य लोकमा लै जान्छन्

( इति ) यस्तो ( मंत्र वेदिनः ) कुरा रहस्य

बुझाउन सक्नेहरुले ( प्रोचुः) बताउँछन् ।

उपरोक्त श्लोकमा हनन गरिएको आत्माले नर्कमा लैजान्छ र संतुष्ट भएको आत्माले दिब्य लोक प्रदान गर्दछ भनिएको छ ।

यो श्लोकमा स्वर्ग र नर्क को प्राप्ती कसरी हुन्छ ? भन्ने गांठोलाई फुकाइएको छ । गरुण पुराणमा यस सम्वन्धमा यौटा अलंकारिक विवरण दिदै भनिएको छ कि यमलोकमा चित्रगुप्त" नामका देवताले प्रत्येक जीवको राम्रो – नराम्रो कामको विवरण प्रत्येक समयमा लेखि रहेका छन् । जब प्राणी मर्दछ र यमलोक जान्छ तव त्यो लेखाजोखा पेश गरिन्छ  र त्यसै आधारमा शुभ कार्य गरे बापत स्वर्ग र दुष्कर्म

गरेको भए नर्क प्रदान गरिन्छ । साधारण दुष्टीले हेर्दा चित्रगुप्तको अस्तित्व काल्पनिक प्रतीत हुन्छ, किन भने पृथ्बीमा अरबौ मानिस त छखंदैछन साथै तथाकथित चौरासि लाख योनाि‍न जसमा कइयौं योनी त मानिस जाति भन्दा कइ्यौं गुना बढि छन् । ती सबैको संख्या गणना गर्ने हो भने यति बिशाल संख्या बन्न पुग्ने छ की हाम्रो अंक गाण्‍ीतले त्यहाँ सम्म भेटाउनै सक्दैन । यसका अतिरिक्त यति अंसंख्य प्राणीहरुद्धारा प्रत्येक पल गरिने कार्यहरुको लेखा दिन रात कत्ति पनि विश्राम नै नगरेर कल्प– कल्यान्त सम्म लेखेर बस्नु भनेको यौटा देवताको लागी असम्भव हुन्छ ।

यस प्रकार चित्रगुप्तको कार्य असंभव प्रतित हुन्छ । यदि यो कथानकलाई यौटा कल्पना मान्ने हो भने त चित्रगुप्तको अस्तित्व नै संदिग्घ हुन पुग्दछ ।

आधुनिक खोजहरुद्धारा उपरोक्त अलंकारिक कथानकमा लुकेका अति महत्वपुर्ण सत्य तथ्यलाई पत्ता लगाउन सफल भएको छ । डाक्टर फ्‍रइडले मानिसको मानसिक संरचनाको वर्णन गदै ज्ञानवान प्राणीद्धारा राम्रो या नराम्रो जस्तो सुकै काम गरिन्छन त्यसको सुक्ष्म चित्रण अतः चेतनामा भै राखेको हुन्छ भनेका  छन । ग्रामो फोनको रेकर्ड ( चक्का) को रेखाहरुमा गीतहरु भरिने गरिन्छ । संगीत कक्षमा एकातिर नाचगान भैरहेको हुन्छ र अर्को तिर थरी थरीका बाजा हरु बजीराखेका हुन्छन । तर ती अनेक तरीका ध्वनीहरुको विद्‍युत शक्तिबाट एक प्रकारको संक्षिप्त र सुक्ष्म एकीकरण भैरहने हुनाले ती ध्वनीहरु चक्काको सानो र सांग्रो ठाउँमा पनि रेखा जस्तै अंकित हुन पुग्दछन ।  तयार गरिएको चक्का राखिएको हुन्छ तर त्यो तुरुन्त र आफै बज्दै‍ैन तर जब ग्रामो फोनको मशीनमा चक्कालाई घुमाइन्छ र सुइरोको घर्षण चक्काको रेखामा पर्दछ तब त्यस्ले संग्रहीत ध्वनीहरुलाई प्रकट गर्न थाल्दछ । ठिक्क त्यस्तै नै मानिसद्धारा राम्रा नराम्रा जे जति कामहरु गरिन्छन त्यसका सूक्ष्म रेखा हरु अतः चेतनामा अ.कित हुदै जाने गर्दछन् र मनको भीतरी कुनामा विस्तारै जम्मा हुदै जान्छन र रेकर्ड मा सुइरोको आघात परेपछि मात्र त्यसमा भरिएका गीतहरु बाहिर प्रकट हुने गरे झै भित्रि मनमा जम्मा भएका रेखाहरु कुनै उपयुक्त अवसुको आघात पर्नासाथ प्रकट हुन थाल्दछन । आर्यावृत का बिद्‍वानहरुले त अति प्राचिन काल

देखि नै कर्मरेखाको बारेमा जानकारी राख्ने गरेका छन् । जति चलाखि गरेपनि कर्म रेखा मिटेन सक्दैन भन्ने जस्ता उक्तिहरु हिंदि नेपाली संस्कृत आदि साहित्यहरुमा मौजुद रहेका छन यसबाट पनि के थाहा हुन्छ भने कर्मका कइयौ रेखाहरु हुन्छन र ती रेखाहरु ले आफ्नो फल नदिए सम्म मेटिदैनन । भाग्यको बारेमा सामान्यतया यो मानिन्छ कि टाउको को अगाडी को हाड अर्थात निधारमा ब्रह्माले केहि रेखाहरु कोरी दिने गर्दछन जसलाई मेटाउने शक्ति कसैमा छैन । डक्टर वीबेन्सले मस्तिष्कमा भरिएको ग्रेमैटर (मटमैलो रंगको बोसो जस्तो पदार्थ) मा सूक्ष्मदर्शक यन्त्रको सहायताले अनुसन्धान गदै जादा त्यहाका एक – एक परमाणुमा अगणीत रेखाहरु भेट्टाएका छन । यी रेखाहरुको निमार्ण कसरी हुन्छ भन्ने बारेमा जब तिनले कुनै शारिरीक प्रत्यक्ष कारण फेला पार्न सकेनन तब उनले कइयौ मस्तिष्कका परमाणुहरुको परीक्षण गरेर निष्क्रिय अल्छी र बिचार शुन्य प्राणीहरुमा यस्ता रेखाहरु बहुतै कम बन्ने गर्दछन । तर कर्मनिष्ठ र बिचारशील ब्यक्तिहरुमा यसको संख्या अत्याधिक हुन्छ भन्ने निष्कर्ष निकालेका छन । तसर्थ यी रेखाहरु शारीरिक मानसिक कार्यहरुलाई संक्षिप्त र सुक्ष्म रुपले लिपिबद्ध गर्ने रेखा हुन भन्ने कुरा प्रमाणीत भएको छ ।

ग्रेमैटरका परमाणुहरुमा राम्रो र नराम्रो कामको यस्तो रेखांकन, ( जसलाई सफा शब्दमा भन्ने हो भने अन्तःचेतनाको संस्कार भन्न सकिन्छ ) ले चित्रगुप्तको वास्तबिकतालाई शिद्ध गरेको छ चित्रगुप्त भन्ने शब्दको अर्थले पनि यस्तै संकेत गरेको छ । गुप्त अर्थात गोप्य चित्र गोप्यमन , अन्तःचेतना , सुक्ष्ममनको बुद्धिको पछाडीको भाग भीतरी चित्र जस्ता शब्द र भावार्थले नै चित्रगुप्त भन्ने शब्दलाई प्रकट गरेको देखिन्छ । “ चित्र ” शब्दलाई छिटो लेख्दा “ चित्र ” जस्तै बन्न पुग्छ । चित्त बिगरेर चित्र बनेको हुन सक्दछ अथवा प्राचिनकालमा चित्र र चित्तले एकै अर्थ बुझाउँथे कि ? कर्मका रेखाहरु एक प्रकारका गुप्त चित्र नै हुन  यस कारण ती साना रेखांकनमा गोप्यरुपमा सुक्ष्म रुपमा ठुलाठुला घटना चित्रहरु लुकेर बसेका हुन्छन । यस क्रिया प्रणालीलाई चित्रगुप्त मान्ने हो भने प्राचन शोध खोजको समन्वय हुन पुग्दछ ।

यो चित्रगुप्तले निसंदेह नै प्रत्येक प्राणीको प्रत्येक कार्य लाई प्रत्येक क्षण अविराम गतिले आफ्नो अभिलेखमा लेखि रहन्छ । सबैको अलग अलग चित्रगुप्त हुन्छ । जति प्राणी त्यति नै चित्रगुप्त । यस कारण विश्व ब्रम्हड का सबै प्राणी को कार्य का अभिलेख कसरी तयार गर्न सकिन्छ ? भन्ने कुरामा कुनै शंका रहदैन । स्थुल शरीरको सुब्यवस्थित जानकारी सूक्ष्म चेतनामा अकित हुने कामलाई आश्चर्यको कुरा भन्न मिल्दैन । पौराणिक चित्रगुप्त यौटा मात्र छन तर यहाँ त अने चित्रगुप्त भन्नु पर्ने भयो । भन्ने कुरामा पनि शंका गर्ने गहिरो आधार छैन । घटाकाश र मठाकाशको यस्तै अन्तर हुन्छ । ईन्द्र वरुण अग्नि शिव र यम आदि देवता बोधक सूक्ष्म तत्वलाई ब्यापक मानिन्छ । जस्तै बगैचा को वायु र फोहरी दुर्गन्धित खाल्टोको वायुलाई स्थानभेद को कारण बाट अलग अलग नाम ले चिनीन्छ तर मूलतः विश्व ब्यापक वायु तत्व त एक मात्र हो नि । त्यस्तै विभिन्न प्राणी का अलग अलग शरीरमा रहेर अलग अलग काम गर्ने क्रियाको प्रणाली अर्थात चित्रगुप्त देवता पनि यौटा मात्र तत्व हुन ।

चित्रगुप्त द्धारा प्रत्येक ब्यक्तिको कर्मको लेखा कुन आधारमा र कस्तो कुन प्रकारले यति मात्रामा किन लेखिन्छ ? यो कुरा र चित्रगुप्त द्धारा लेखिने कर्म रेखाको आधारमा स्वर्ग र नर्क प्राप्ती को विवरण तथा त्यो प्राप्त हुने ब्यवस्थामा अगाडी प्रकाश पारिने छ ।

पछाडी का पंक्तिमा पाठकहरुले हाम्रो गोप्य चित्र ः अंतरमन ले नै चित्रगुप्त को काम गरिरहेको हुन्छ भन्ने कुरा पढि सक्नु भएको छ । हामीले राम्रो – नराम्रो जुन सुकै काम गदै गएका हुन्छौ त्यसको सूक्ष्म चित्र हाम्रो अंतरमनमा जम्मा हुने गर्दछ । सिनेमाको पर्दामा मानिसका चित्रहरु मानिस भन्दा पनि ठुला ठुला आकारमा देखिन्छन तर त्यस्को फिल्म एक इंच भन्दा बढि चाक्लो त हुदैन । त्यस्तै पाप र पुण्यको घटनाक्रम त हामीले बिर्सने गर्दछौ तर त्यसको सूक्ष्म चित्र हामी भित्र नै यौटा मसिनो धर्को को रुपमा कोरिदै गएको हुन्छ । त्यो रेखा हाम्रो गोप्य अंतरमनको कुनै परमाणुमा अदृश्य रुपले जमेर बस्न

पुग्दछ । शर्टह्याण्ड लेखनेहरुले लामो कुरालाई स–साना उल्टा सीधा केही धर्का कोरेर कागज को सानो टुक्रामा जम्मैे कुराहरु लेखी दिन्छन । कर्म रेखालाई यस्तै दैबी शर्टह्याण्ड भन्न सकिन्छ ।

हाम्रा पाठकहरुलाई मनका दुई भाग हुन्छन भन्ने कुरा त त्यसै पनि थाहा नै होला । यौटा बहिर्मन हुन्छ भने अर्कोे अन्तरमन हुन्छ । बाहिरी मन ले त तर्क वितर्क गर्दछ सोच्दछ काटपीट गर्दछ निर्णय गर्दछ र आफनो निश्चय लाई बदली राखने गर्दछ तर अंतरमन भोला भाला तर दृढ निश्चयी बालक जस्तो हुन्छ । त्यसले संशोधन गर्दैन अपितु श्रर्दा र विश्वास को आधारमा काम गर्दछ । बाहिरी मनले त पाप कर्मका रेखा आफनो भित्रि तहमा अंकित हुन नपाओस र पुण्यकर्म अधिकाधिक मात्रामा थपथाप पारेर यसरी अंकित होउन् की पापको फल भोग्नु नपरोस र पुण्य फलको पूर्ण रुपले आनन्द प्राप्त गर्न सकियोस भनी सोच्न सक्दछ तर भित्री मन यस्तो हुदैन । यसले सत्यनिष्ठ न्यायधीशले झैं फैसला गरी रहेको हुन्छ । यसलाई कुनै लोभ लालच भय र स्वार्थले प्रभावित गर्न सक्दैन । मानिस भित्र यौटा ईश्वरीय शक्ति र अर्को पिशाच शाक्ति हुन्छ भन्ने भनाई छ । हामीले गोप्य मनलाई ईश्वरीय शक्ति र तर्क , मन, छल, कपट , स्वाथर्ा र लोभमा रत रहने बाहिरी मनलाई पिशाच शक्ति भन्न सक्दछांै । बाहिरी मनले धोका धडी गर्न सक्दछ तर आन्तरिक मनलाई सत्यरुपी आत्माको तेज प्राप्त हुन्छ तसर्थ त्यस्ले न त मायावी आचरण गर्न सक्दछ र न त छलकपट नै गर्न सक्दछ । निष्पक्ष रहने उसको स्वभाव हो । यसै कारणले ईश्वरले उसलाई त्यति महत्वपूर्ण काम सुम्पेका हुन । दुनियाले तिनलाई नै भित्रगुप्त देवता भन्दछ । यदि उसले पनि पक्षपात गर्दो हो त यति उच्च जज भन्ने उपधि उसलाई कसरी प्राप्त हुन सक्थ्यो ? हाम्रो आन्तरिक मन जासूस जस्तै हर समय हामी संगै रहेको हुन्छ र असल खराब जे जो काम गरिन्छ त्यसको पूर्ण अभिलेख आफनो गोप्य डायरी किताब मा लेखि रहेको हुन्छ ।

बाहिरी दुनियामा अपराधीलाई सजाय दिने काममा दुईवटा निकाय हुन्छन । यौटा त प्रहरी हो र दोस्रो चाहि अदालत हो । प्रहरीले अभियुक्तलाई पत्र्रmाउ गर्दछ त्यसका अपराधिक कामहरmको प्रमाण

संकलन गर्दछ र अदालतमा पेश गर्दछ । त्यस पछिको काम अदालतले गर्दछ । न्यायधीशले अभियुक्तको स्थिति र अपराधको प्रकृति तथा स्तर आदि विभिन्न दृष्टिले विचार गर्दछन । त्यस पछि उचित र आवश्यक निर्णय दिन्छन । यौटै अपराधमा ल्याईएका अलग अलग ब्यक्तिले अलग अलग किसिमके सजाय पाउन सक्दछ । उदाहरणका लागी हत्याको आरोपमा ल्याईएका तीन जना अभियुक्त मध्ये यौटाले सफाई पाउन सक्छ भने अर्को लाई पाँच वर्ष सजाय तथा तेस्रो लाई मृत्युदण्ड जस्तो सजाय पनि हुन सक्दछ । यद्धपि ती तीनै जना हत्यामा संलग्न रहेछन तर सजाय दिने न्यायधीशले धैरै कुरामा विचार गरेर अलग अलग किसिमको सजाय र सफाई को निर्धारण गरेकोहुन्छ ।

सजाय बाट बच्ने अभियुक्त यौटा मजदुर रहेछ जो कसैको घरको माथिल्लो तलामा भवन निमार्ण कार्यमा लागेको बेला उसको हातबाट अचानक चिप्लेर फुत्केको ढुंगो तल झर्दा यौटा बटुवा को टाउकोमा बज्रेर बटुवा को मुत्यु भएको रहेछ । न्यायधीशले त्यो घटनामा यदपि एक जनाको ज्यान त गएको रहेछ तर मजदुर ले जानी बुझि हत्या गर्ने मनसाय लिएर ढुंगो खसालेको अवस्था नरहेकोले मजदुर निर्दोष मानिएछ र सफाई पाएछ ।

अर्को अभियुक्त किसान रहेछ उसको खेतमा बाली चोरीरहेको चोरलाई उसले यसरी पिटेछ कि चोर मरेछ । न्यायधीशले फैसला गर्दा चोर लाई चोरी गरेको प्रत्यक्ष देख्दा रिस उठनु स्वाभाविक भए पनि चोरीको घटनामा पिटि पिटि ज्यानै मार्ने सम्मको काम भने उचित हुदैन त्यस कारण किसानलाई ५ बर्ष को सजाय दिएको रहेछ । अर्को ब्यक्तियौटा कुख्यात डाका रहेछ उसले यौटा साहुको घरमा डांका हालेछ र धनमाल लुटनु का साथै मालिकको हत्या पनि गरेछ । यो अपराधलाई जघन्य मानियो र उसले मुत्युदण्ड को सजाय पाएछ ।

यदपि यी तीनै अभियुक्तको हात बाट अर्काको ज्यान गएको रहेछ र अपराध को बाहिरी रुप एक समान देखिन्छ तर न्यायधीश सूक्ष्मदर्शी हुन्छन तिनले बाहिरी कुरालाई मात्र हेरेर सजाय दि हाल्दैनन उनीहरुले त आन्तरिक अवस्था समेतको गम्भीर चिन्तन गदर्छन र मात्र निर्णय सुनाउने गर्दछन ।

आन्तरिक संसारका गुप्तचित्र अथवा चित्रगुप्तले प्रहरी र अदालत दुबै निकायको काम एक्लैले गर्दछन । बाहिरी दुनियामा प्रहरीले कसै को बिरुद्धमा झुठा भए पनि ठोस किसिमको प्रमाण प्रस्तुत गर्न सफल भयो भने निर्दोष ब्यक्तिले पनि अदालतबाट सजाय भोग्नु पर्ने अवस्था आउन सक्दछ तर भीतरी दुनियामा यस्तो गडबडि को सम्भावना नै हुदैन । हाम्रो अंतकरणले कुन कार्य कुन बिचार कुन इच्छा र कस्तो परिस्थितिमा र किन गरिएको हुन्छ ? भन्ने कुरा पुर्णरुपले थाहा पाईरहेको हुन्छ । यसमा बाहिरी मनले सफाई अथवा कुनै बयान दी रहन आवश्यक नै पर्दैन किनकि गोप्य मनले प्रत्येक कुराका बारेमा स्वंयँ नै सम्पूर्ण जानकारी राखेको हुन्छ । हामिले जुन इच्छा र भावनाले जुन काम गर्दछौ त्यही इच्छा र भावनाबाट पाप पुण्यको नाप हुने गर्दछ । भौतिक वस्तुहरुको नापतौल बाहिरी दुनियामा हुन्छ । कुनै गरीबले दूई पैसा दान गर्दछ र कुनै धनीले दसहजार रुपैया दान गर्दछ भने बाहिरी दुनियाले पुण्यको तौल रुपैयाकोगन्ति को हिसाबले गर्दछ र दुई पैसा दान गर्ने मानिस तिर कोहिले भुलले पनि हेर्न मनपराउँदैन तर दशहजार रुपैया दान गर्नको यश र कीर्ति चारैतिर फैलिन्छ । तर भीतरी दुनियामा यस्तो नापतौल त चल्दै चल्दैन । हामिले घरको जिन्सी अनाजको केही भाग गाउँको पसले कहाँ लगेर भेली गुड जस्ता आफुलाई चाहिएको चीज वस्तु अनाजसंग साटेर लिन सकिन्छ तर त्यसै अनाजलाई झोलामा पोका पारी लन्दन शहरको कुनै दोभानमा गएर यो अनाज राख्नुहोस र मलाई फलानो वस्तु दिनुहोस भन्ने हो भने पसलेले हामीलाई यो शहरमा अनाजसँग साटेर वस्तु मिल्दैन यहाँ त पौण्ड,सिलिगं र सेन्टको प्रचलन छ भनेर फर्काई दिन्छ । ठिक्क त्यस्तै नै बाहिरी दुनियामा रुपयाको गन्तीबाट, कामको बाहिरी विस्तारबाट, कथावार्ताबाट र तिर्थयात्रा आदि भौतिक चीजवस्तुबाट यश किन्न सकिन्छ तर चित्रगुप्त्र देवताको देशमा यो सिक्का चल्दैन । त्यहाँ त इच्छा र भावनाको नाप तौल हुन्छ । त्यसै अनुसार पाप पुण्यको आम्दानी र

खर्च लेखिन्छ । भगवान कृष्णले अर्जुनलाई उचालेर लाखौ मानिसलाई महाभारतको युद्धमा मार्न लगाए । लाशले भूमि ढाकियो, रगतको नदी बग्यो तापनि अर्जुनलाई कुनै पाप लागेन । किनकि हाड–मासुले बनेका कति खेलैना टुटालिए ? भन्ने कुराको हिसाब चित्रगुप्तको दरबारमा राखिएन । के कुनै राजाले मेरो अन्न भण्डारबाट चामलका कति दाना कुहिए ? भन्ने हिसाब राख्ने गर्दछ ? पांच तत्वबाट बनेको नाशवान वस्तुको आत्माको दरबारमा कुनै गणना गरिदैन । अर्जुनको उद्देश्य पवित्र थियो । उसले पापलाई नष्ट गरेर धर्मको स्थापना गर्न चाहेको थियो र त्यही इच्छा गोप्य रजिष्टरमा दर्ता हुन पुग्यो र मारिएका मानिसहरुको संख्याको गणना भएन । दुनियाँमा करोडपतिको ठूलो प्रतिष्ठा हुन्छ । तर यदि उसको हृदय सानो छ भने चित्रगुप्तको दरबारमा त्यसलाई भिकारी नै मानिन्छ । यसरी मानिसले जे काम गरिरहेकोछ त्यो काम कुन नियतले गरेको छ ? त्यो नियत असल र खराब जुन श्रेणीमा पर्दछ त्यही श्रेणीमा दर्ता हुने गर्दछ । सदभावपूर्वक मृत्युदण्ड दिने कसाई पनि पुण्यात्माको श्रेणीमा पर्न सक्दछ र धर्म ध्वजाधारी तिलकधारी पंडितले गोप्यारुपमा दुराचार गरे बापत पापी कहलाउन पुग्दछ । बाहिरी आडम्बरको कुनै मुल्य हुदैन, आन्तरिक वस्तुको मात्र मूल्यांकन हुन्छ । बाहिरबाट कुनै काम असल वा खराव जस्तो देखिएपनि त्यसबाट लाभ हानि केहि हुदैन । वास्तविक तत्व त त्यस इच्छा र भावनामा हुन्छ जसबाट प्रेरित भएर काम गरिएको हुन्छ । पाप पुण्यको जरो कार्य र प्रदर्शनमा होइन, अपितु निश्चित रुपले इच्छा र भावनामा हुने गर्दछ । उपयूक्त पँक्तिहरुमा यो बताईको छ कि हाम्रो प्राणका साथमा घुलमिल गरेर बसेका चित्रगुप्त देवताले कुनै पक्षपात नगरिकन असल र खराब कामको लेखा अत.चेतनाको परमाणुमा लेख्ने गर्दछन । त्यही अदृश्य लिपिलाई बोलचाल को भाषामा कर्मरेखा भनिन्छ । यसका साथै यो पनि स्पष्ट पारी सकिएको छ कि पाप –पुण्यको निर्णय कामको बाहिरी रुपबाट होइन, अपितु कर्ताको इच्छा र भावनाको आधारमा हुने गर्दछ । काम गर्दाको अवस्थाको इच्छाको मात्रा जति तीव्र हुन्छ पाप –पुण्य पनि त्यक्तिकै तीव्र र शक्तिशाली हुन्छ । उदाहरणका लागि कसैले उदास मनले कुनै रोगीको सेवा गर्दछ र अर्को ब्यक्तिले बडो सेवाभाव, दया, सहानुमूति ,उदारता र प्रेम पुर्वक रोगीको सेवा गर्दछ भने बाहिर बाट

हेर्दा ती दुबै जनाको काम यद्धपी एक समान देखिन्छ तरपनि त्यो पुण्यको परिणाम भावनाको उदासीनता र प्रेमको तत्परताको आधारमा घटीबढी हुन्छ। यस्तैे यौटा भोको ब्यक्तिले वाध्यतावश चोरी गर्दछ र अर्को व्यक्तिले रक्सी पिउने नशाको लागी चोरी गर्दछ भने दुवै को पापमा निसंदेह मात्रामा घटबढ हुन्छ। यद्धपि यहाँ त चोरी त दुवैले गरेका छन तर दुष्टतामा घटी बढि भएको कारण बाट पाप पनि त्यहि अनुपातमा लागनु निश्चित नै हुन्छ।

यस सम्बन्धमा थप एउटा महत्वपूर्ण कुरा थाह पाउन जरुरी के छ भने, प्रत्येक व्यक्तिको लागि कानूनी ब्यवस्था पनि अलग–अलग नै हुन्छ। घूसको मामिलामा एउटा सिपाही, क्लर्क र जिल्लाको कुनै अफिसर समातिन्छन् भने तिनै जनालाई सजायको मात्रामा घटबढ हुन्छ। सिपाहीलाई सामान्य हप्की, दप्की र डराउन दिएर छुटकारा हुन सक्दछ, तर अफिसरको जागिर जान सक्दछ किनकि त्यसले जिम्मेवारी बढी बोकेको हुन्छ। यौटा जंगली मानिसले पेट भर्नका लागी कुनै जंगली पशुलाई मार्ने अपराध गरेको हुन सक्दछ यस अर्थमा ऊ अपराधी त हो तर अर्को पंडितले जसले अरुलाई अहिसाको उपदेश दिने गर्दछ र यदि ऊ गोप्य रुपले कसाईको दोकानमा जाने गर्दछ भने त्यसलाई त्यो जंगली मानिस भन्दा कइयौ गुना बढी पाप लाग्छ। यसको कारण यो हो कि ज्ञानवृद्धि गर्दै गएको जीव जसरी जसरी अगाडी बढ्दै जान्छ त्यसको अंतःचेतना क्रमशः स्वक्ष हुंदै जान्छ। मैलो कपडामा अलिकति धूलो पर्न गयो भने त्यसको कुनै ठुलो प्रभाव पर्दैन तर दुध जस्तो स्वक्ष र सफा कपडामा अलिकति सानो दाग लाग्न गयो भने त्यो दाग टाढै बाट देखिन्छ र बहुतै नराम्रो लाग्दछ। सानो दुधे बालकले काखमा दिशा गर्दछ तर त्यसलाई कसैले न त दोष दिन्छ र न त बालकलाई लाज नै लाग्दछ तर यदि कुनै स्वस्थ्य बालिग मानिसले यस्तो गर्दछ भने त्यसलाई खराव भनिन्छ र ऊ स्वयं पनि लज्जित हुन्छ। यद्धपि बालक र बालिगले आचरण भने एक समान नै गरेका छन् तर मानसिक विकाशमा अंतर भएको कारण बाट खराबीको मूल्यांन धेरै थौरै भएको हो। ठिक यस्तै प्रकारले अशिक्षित, अज्ञानी र आसभ्य ब्यक्तिलाई अपेक्षाकृत थौरै पाप लाग्दछ। मानिसमा ज्ञानवृद्धिका साथ साथ खराव छुट्याउने योग्यता पनि बढदै जान्छ। सत र असतको , कर्तब्य

र अकर्तब्यको विवेक प्रबल हुदै जान्छ र अतःकरणको आवाज शक्तिशाली बन्दै जान्छ र यसरी आत्मोन्नती का साथ साथ सदाचरणको जिम्मेवारी पनि बढदै गएको हुन्छ । आदेश पालन नगर्ने पियनलाई अलिकति जरीवाना  हुन सक्दछ तर फौजी अफिसले आदेश उलंघन गर्यो भने कोर्ट मार्शल हुन सक्दछ र मृत्युदण्ड पाउन सक्दछ । ज्ञानवा विचारवान र भावनाशील हृदय भएको ब्यक्तिले जब दुश्कार्य गर्दछ तब उसको चित्रगुप्तले उसको कामलाई ठुलो पापको श्रोण्ीमा दर्ता गर्दछन् । मानिसहरु गोदानले बैतरणी पार जाने गर्दछन् तर राजा नृपले अलिकति गल्ती गर्ना साथ नर्कमा जानु परेको थियो अज्ञानी ब्यक्तिले अपराध गर्दछ भने बहुत महत्वपूर्ण कुरा हुदैन तर कर्तब्यच्यूत ब्ा्रम्हण घोर दण्डको भागी बन्दछ । राजा बन्नु सबै दुष्टिले राम्रो हुन्छ तर राजाको दायित्व पनि त अरु सबै भन्दा बढि नै हुन्छ । ज्ञानवानको त यो कठोर उत्तरदायित्व नै हो कि ऊ सदाचारमा दृढ रहोस । अन्यथा साततला माथिबाट लडने लाई जति कष्ट हुन्छ त्यतिकै दुख उसलाई पनि हुन्छ । कर्मको फल कसरी प्राप्त हुन्छ ? पाठकहरुलाई यो रहस्य अगाडी लेखमा बताइने प्रयाश हुनेछ ।

## आकस्मिक सुख-दुख

दैविकं दैहिकं चापि भौतिकं च तथैव हि ।

आयाति स्वयमाहूतो, दुखाःनामेष संचयः ।।

पंचाध्यायी

(दैविक) दैविक (अपि च) तथा (दैहिकं) दैहिक (तथैवच)त्यस्तै नै (च) र (भौतिकं)भौतिक  (दुखानां) दुखको (एष) यो(संचयः) समूह (स्वयमाहूतः) आफै बोलाइएर (आमाति) आएको हुन्छ ।

कैयौ पटक त यस्ता अवसर उपस्थिति हुन पुग्दछन् कि प्राकृतिक नियम देखि बिल्कुलै विपरीत देखिन्छन् । कसैले उत्तम जीवन बिताइरहेको हुन्छ, तर अकस्मात उसमाथि यस्तो विपति आई पर्दछ कि

यस्तो लाग्दछ कि इश्वरले कुनै घोर दृष्टकर्मको दण्ड दिईरहेका छन् । कसैले खराबै खराब कर्म गरेपनि उसलाई सुख संन्तोष प्राप्त भैइरहेको हुन्छ, सुखको उपलब्धि भईरहेको हुन्छ । कहिलेकाहि कुनै निकम्मा मानिसलाई चिठ्ठामा अथवा जुवामा अथवा त्यस्तै कतै मुफ्तको र गाडिएको धनसम्पति हात लागि हाल्दछ तर अर्कोतिर अत्यन्त परिश्रमी र बुद्धिमान व्यक्ति अभावमा नै ग्रसित रहन्छ । कसैले थोरै परिश्रममा नै ठूलो सफलता हातपारी हाल्छ तर अर्कोले त घोर प्रत्यन गर्नुका साथै अत्यन्तै सही तरीकाले हिडे पनि असफल नै हुने गर्दछ । यस्तो अवस्थामा "प्रारब्ध" "भाग्य" आदि शब्दहरुको प्रयोग गरिन्छ । यस्तै महामारी, बिरामी, अकालमा मृत्यु, अतिवृष्टि, अनावृष्टि,चट्याङ्ग पर्नु भुकम्प, बाढी आदी दैवी प्रकोपलाई पनि भाग्य अथवा प्रारब्ध भनिन्छ, आकस्मिक दुर्घटना, मानसिक विपति र वियोग आदि ति प्रसंग जसलाई मेटिन सकिदैन ती सबै यसै श्रेणीमा आउँछन ।

यो कुरा सही हो कि यस्ता प्रसंग थोरै मात्रामा आउँछन, प्रयत्न गर्दा गर्दै पनि उल्टो फल प्राप्त हुने घटना घटित हुने अपवाद अति थोरै मात्रामा भए पनि हुन चाहि जरुर हुने गर्दछन् तथा कहिले काहि त यति कठोर हुन्छन कि तिनको उपेक्षा गर्नै सकिन्न । यस्तो अवसरमा हामी मध्येबाट साधारण ज्ञान मात्र राख्ने मानिसहरु अति नै भ्रममा पर्न जान्छन र यस्ता यस्ता धारणा बनाउन पुग्दछन जो जीवनको लागि बहुतै घातक सिद्ध हुन्छ । कोहि त ईश्वरमाथि नै अत्यन्त कुपित हुन पुग्दछन । ईश्वरलाई दोषी ठहराएर भरपूर गाली गर्दछन । कोई कोई त नास्तिक नै हुन पुग्दछन । तिनले हामीले भगवानलाई यति भजन पूजन गरे पनि भगवानले कुनै सहयोग गरेनन् तसर्थ ईश्वरपूजा व्यर्थको कुरा हो, भन्ने गर्दछन् । कइयौ महामानव लाभको इच्छाले साधु सँत र देवी देवताको पूजा गर्दछन् । यदि सँयोगबश यस अवधिमा कुनै हानिकारक प्रसंग आईहाल्छ भने पूजाको सट्टा निन्दा गर्न थाल्दछन् । कहिले काहि यस्ता आकस्मिक प्रसंग आई लागेको समयमा घरमा कुनै नयाँ प्ारणी आएको रहेछ, कुनै पशु किनिएको रहेछ अथवा कोही बच्चा जन्मेको रहेछ या नया दुलही भित्रिएकी रहेछिन भने त्यो घटनाको दोष अथवा श्रेय त्यसै नवागतुंक प्राणी माथि थोपारिन्छ । यो जन्मेको बालक त बडो भाग्यमानी रहेछ, जन्मना साथै यस्तो लाभ भयो , यी

बुहारी त साह्रै अलच्छिनी रहिछन, इनि आउना साथ घरमा यस्तो सत्यानाश भयो भन्ने जस्ता कुराहरु चर्चामा आउँछन । यस्ता श्रेय दिने र दोषारोपण गर्ने कुराहरुबाट कहिले काहि घरमा यस्ता दुखद क्लेश र कलहको जन्म हुन पुग्दछ कि त्यस्को स्मरण मात्रले रोमांच हुन आउँछ । मेरो परिचित एक महानुभावका घरमा बुहारी भित्रिइन् र त्यही अवसरमा घरको एउटा जवान केटो को मृत्यु हुन पुग्यो यो मृत्युको दोष बिचरी बुहारी माथि थोपारियो । पूरा घरले यि बुहारी बहुतै अलिच्छनी छिन् आउना साथ एउटा बलि लिइन" भन्न थाले । केही दिन सम्म त ती निर्दोष बुहारीले यो अपमानलाई विषको घूँट झै निल्दै रहिन तर जब प्रत्येक समयको अपमान र घरका मानिसको नित्य प्रतिको दुब्र्यवहार सहन गर्न सकिनन् तब मट्टीतेल छर्केर जलेर मरिन् । बिचरा विधवाहरुलाई निरपराध अभागिनी, कलमुखी र पिशाचनीको उपाधि दिइने सामान्य प्रथा नै छ । यो भाग्यवाद को सम्बधमा मनमा बसेको अनर्थमूलक धारणा नै हो । वास्तविक कुरा थाह पाउन सक्नेहरुको मनमा यस्ता उटपट्यांग विश्वासहरु घर जम गर्न पुग्दछन । कैयौ ब्यक्तिले त भाग्यको वेदीमा कर्तब्यको बलि नै दी हाल्छन । त्यस्ताले जीवनमा जे जस्तो लाभ हानि हुन्छ, त्यो भाग्य अनुसार नै हुन्छ भन्ने विश्वास गर्दछन । अब अहिले जुन कर्महरु गरिन्छन् त्यस्को फल अर्को जुनिमा पाइन्छ भने पाइयोस तर वर्तमान जीवन त प्रारब्धको डोरीले कसिएको छ । जब यसबाट छुटकारा पाउँन उपाय गर्ने, प्रत्यत्न गर्ने र उद्योग गर्ने कुरा उठछ, तब तिनले भाग्यमा जो लेखेको छ, त्यही हुन्छ, ब्रह्माले बनाएको रेखालाई कसले मेटाउन सक्दछ ? ईश्वरले जे गर्नु हुन्छ त्यही हुन्छ, हुने हुनामी प्रबल हुन्छ । यस्ता कुराहरु हामि तब बोल्छौ जब आकस्मिक दुर्घटना माथि जोर जागर लाग्दैन र नचिताएका कामकुराहरु आई लाग्दछन् तब मानिसको मष्तिस्क बडो विक्षुब्ध र किंकर्तब्यमूढ. हुन पुग्दछ । आघात पार्ने कोही दोषी ब्यक्ति सामुन्ने देखा पर्दैन तर आघात परे पछि रिस त उठछ नै । आवेशमा होस् ठेगानामा रहँदैन । आघातको दोष कुनै निर्दोष माथि थोपारीने सम्भावना पनि रहन्छ जसबाट अर्थको अनर्थ हुन सक्दछ । यस कारण त्यो रिसलाई शान्त पार्नकालागी त्यस्ता कुरा गरेर संन्तोष पाउँने प्रयास गरिन्छ । तर आज भोली हामीले कैयौ ब्यक्तिलाई आपत्तिकालमा मनलाइ शान्त पार्नकालागी यसरी

प्रयास गर्ने गरेको देख्छांै कि कर्तब्य माथि बन्चरो हानेको प्रत्यक्ष देखन सक्दछौ । यसो गर्दा गर्दै यी ब्यक्तिहरु उद्योग विरोधी हुन पुग्दछन । र अजिंगर र चराको उदाहरण द्धारा भाग्य माथि निर्भर हुन पुग्दछन । यदि यस्ता भाग्यवादीहरु घरका बुढापाका रहेछन् भने आफ्नो पारिवारिक प्रभावबाट आफ्ना नजीकका कम जान्ने बुझने नवयुवक र किशोर किशोरीहरुलाई यसै भाग्यवादी निराशाको खाल्टोमा पुरी दिन्छन् ।

यसबाट पाठकहरुले आकस्मिक घटनाहरु को वास्तविक कारणको जानकारी हुनाको कारणबाट कस्ता कस्ता अनर्थकारी उट्पट्यांग धारणाहरुको जन्म हुन्छ र यी धारणाहरु मानिसको मनमा जब गहिरो तालमा उत्रेर डेरा जमाएर बस्छन् तब जीवन प्रवाहलाई उल्टो विकृत र फोहरी बनाई दिन्छन् भन्ने कुरा बुझीसक्नु भएको होला । मानवजातिले " कर्मको गह्नन गति " लाई चिरकाल देखि जाने बुझेको छ र त्यस्ता परिणाम हुने कारणहरुलाई स्पष्ट थाह पाउनका लागि चिरकाल देखि प्रयत्न हुने गरेको पनि छ । तत्वदर्शीहरुले अहिले सम्म त्यसका कतिपय कारणहरु खोजेका पनि छन् । पँचाध्यायीकारले उपरोक्त श्लोकमा" गहनाकर्मणो गति " मा प्रकाश पार्दै बताएकाछन् कि यो दैविक, दैहिक र भौतिक घटनाहरु तीन प्रकारका आकस्मिक सुख –दुख, सँचित प्रारब्ध र क्रियमाण कर्महरु को आधारमा हुन्छन । दुध एउटा निश्चत समय पछि, निश्चित प्रक्रिया द्धारा दही र घिउ बन्न पुग्दछ । त्यस्तै त्रिविध कर्महरुले पनि तीन किसिम को फल उत्पन्न गर्दछन। यस्को पूर्ण र विस्तृत एवँ वैज्ञानिक विवेचना अगाडी गरिने छ ।

## तिनवटा दुख र त्यसको कारण

पछाडीका पानाहरुमा यो कुरा बताई सकिएको छ कि आकस्मिक सुख –दुख प्रत्येक ब्यक्तिको जीवनमा आउने गर्दछन् । यसबाट सुर–मुनि, देव–दानव कोहि पनि बच्न सक्दैनन् । भगवान राम सम्म यस कर्म गति बाट बच्न सकेनन् । सूरदासले भनेको ठीक रहेछ ।

"कर्म गति टारे नाहि टरे, गुरु वशिष्ठ पंडित बड ज्ञानी,रचि पचि लगन धरै ।
पिता मरण और हरण सियाको, वनमे विपति परे "।।

वशिष्ठ जस्ता गुरु भएका राम कर्म गतिबाट बच्न सकेनन् । तिनले पनि पिताको मरण र सीताको हरण तथा वनका विपत्ति सहनु परेको थियो । यी विपत्तिहरु अकस्मात् कहि कतैबाट आएर बसिदिन्छन् अथवा ईश्वरले रिसाएर दु ःख दण्ड दिएको हो भन्ने कुरा सोच्नु ठीक होइन । पंचाध्यायीको निश्चित मन यो हो कि सब प्रकारका सुख दुःख हाम्रो बोलावट पाएर आएका हुन्छन् । रामायणमा पनि यही मत व्यक्त गरिएको छ ।

काहु ना कोऊ दुःख सुखकर दाता।
निज निज कर्म भोग सब भ्राता ।।

अर्को कुनै व्यक्ति र पदार्थसँग कसैलाई दुख दिन सक्ने शक्ति हँुदैन । सबैले आफ्नै कर्मको फल भोग्ने गर्दछन् र त्यसै कर्मभोगबाट रmने कराउने गर्दछन् । जीवकोे पछडिबाट यस्तो कठोर व्यवस्था बनेको छ कि त्यसैले कर्मफल निर्माण गरी रहेको हुन्छ । माछा पानीमा पौडी खेली रहेको अवस्थामा उसको पुच्छरले पानी काट्दा पछि पछि एउटा रेखा कोर्दै गएको हुन्छ । त्यस्तै सर्प रेगदा एउटा रेखा बन्दै गएको हुन्छ । ठिक्क त्यस्तै नै हामीले जे जस्तो कामहरु गर्नै गर्दछौँ त्यसको पनि संस्कार बन्दै गएको हुन्छ । खराब कर्मका संस्कार हामी आफैले रोपेको कांड.ाका बिरुवा जस्तै हाम्रो लागि दुःखदायी सावित हुन पुग्दछन् ।

अब तीन प्रकारका कर्म , त्यसको तीन प्रकारको स्वभाव र तीन प्रकारको फलको चर्चा गर्न लागिरहेको छु । सुख त मानिसको स्वभाविक स्थिति हो । सुकर्म गर्नु स्वभाव हो र यस कारण सुख प्राप्त हुनु पनि स्वभाविकै हो । कष्ट , दुखमा हुन्छ । दुख देखि नै हामी डराउँछौ , आतिन्छौँ र त्यसबाट छुटकारा पाउन चाहन्छौँ । यस कारण यहाँ दुःखको विवेचना गर्नु नै उचित हुनेछ । आरोग्यवद्र्धक शास्त्र र

चिकित्सा शास्त्र दुइटा अलग अलग शास्त्र हुन्। त्यस्तेै सुख र दुख का अलग अलग विज्ञान छन् । सुख वृद्धिका लागि धर्माचरण गर्नु पर्दछ । जस्तो कि स्वास्थ्य वृद्धिकालागि पौष्टिक पदार्थ सेवन गरिन्छ । दुख निवृत्तिका लागि र रोगको निवारण गर्नका लागि त्यस्को निदान र चिकित्सा जान्न आवश्यक हुन्छ । कर्मको गहन गतिको जानकारी प्राप्त भए पछि दुखको मर्म बुझिन्छ । दुख प्राप्त हुने कारणको त्याग गर्नाले सहजै दुख बाट निवृत्त भै हाल्छ । आउनुस् अब दुख को स्वरुप जान्ने बुझने चेष्टा गरौं ।

दुख तीन किसिमका हुन्छन् । १. दैविक २ दैहिक ३ भौतिक । दैविक दुख ती हुन जो मन लाई हुने गर्दछ। जस्तै चिन्ता ,आंशका क्र्रेध, अपमान, शत्रुता विद्रोह भव र शोक आदि । दैहिक दुख शरीरलाई हुने गर्दछन् । जस्तै रोग, चोट,अघात र विष आदि प्रभावबाट हुने कष्ट । भौतिक द्ुख ती हुन् जो अचानक अदृश्य भएर आउँछन्  जस्तै भुकम्प, दुर्भिक्ष , अतिवृष्टि, महामारी र युद्ध आदि । इनैै तीन प्रकारका दुख का वेदना ले मानिस छटपटिएका देखिन्छन् । यी तीन वटा दुखहरु हाम्रो शारीरिक मानसिक र सामाजिक कर्मका फल हुन् । मानसिक  पापका परिणामबाट दैविक दुख आउँछ । शरीरका पापको फलस्वरुप देैेविक र सामाजिक पापको कारणबाट भौतिक दुख उत्पन्न हुन्छन् ।

दैविकदुख मानसिक कष्ट उत्पन्न हुने कारणमा त्यस्ता मानसिक पापको भूमिका हुन्छ , जो स्वेच्छापूर्वक तीव्र भावनाहरुबाट प्रेरित भएर गरिन्छन । जस्तै इष्र्या, कृतघ्नता, छल, दम्भ, घमण्ड, क्रूरता, स्वार्थपरता आदि । यस्ता कुविचार हरmको कारणबाट जुन वातावरण मस्तिष्कमा कुहिएको हुन्छ त्यसबाट अतःचेतनामा ठिक्क त्यस्तो प्रभाव पर्दछ जसरी कि धुवांले गर्दा घरको भित्ता कालो भै हाल्छ अथवा तेलमा भिजे पछि कपडा फोहर भै हाल्छ । आत्मा स्वभावतः पवित्र हुन्छ त्यस्ले आफू माथि कुनै पापमूलक कुविचार र प्रभावलाई जम्मा हुन दिन चाहदैन त्यो यस्तो फोहरलाई सफाई गर्ने प्रयासमा लागेको हुन्छ । पेटमा हानिकारक वस्तुहरु जम्मा भएपछि पेटले झाडा पखाला र वान्ता गरेर त्यसलाई बाहिर फाल्ने प्रयास गर्दछ ठिक त्यस्तै तीव्र इच्छाले जानी बुझी गरिएका पापहरुलाई बाहिर निकालेर फ्यांक्नका लागी आत्मा संधै व्याकुल भैइरहन्छ । हामीले यो कुरा बिल्कुलै थाहा पाउँदैनौ तर आत्मा भित्र

भित्रै आफ्नो भारीलाई फ्यांक्न का लागी अत्यन्त व्याकुल रहन्छ । बाहिर मन स्थूल बुद्धिले त्यस अद्दश्य प्रकियाको जानकारी पाउन सक्दैन तर अंतरमन गोप्य तरीकाबाट यस्ता अवसरहरु एकत्रित गर्ने काममा लागि रहेको हुन्छ जसबाट भार हट्न सकोस । अपमान, असफलता, विछोड, शोक र दुख प्राप्त हुने अवसरहरु लाई मानिसले कहि कतैबाट भएपनि कुनै न कुनै दिन तानेर यस कारण लिएर आउछ कि ती दुभविना र पाप संस्कारहरुको यी अप्रिय परिस्थितिहरुमा समाधान हुन सकोस । शरिरद्धारा गरिने चोरी, डाका, व्यभिचार, अपहरण र हिंसा आदि काममा मन नै प्रमुख हुन्छ । हत्यामा प्रयोग हुने हातको आफ्नो स्वयं को कुनै स्वार्थ हुदैन, यो त मनको अवेशको पूर्तिका लागि गरिएको हुन्छ। यस कारण यस प्रकारका कामहरु जसलाई गर्ने बेलामा इन्द्रियहरुलाई सुख मिल्दैन, त्यसलाई मानसिक पाप भनिन्छ र यस्ता पापको फल मानसिक दुख हुन्छ । स्त्री पुत्र आदि प्रियजन को े मृत्यु, घन–नाश, लोक निन्दा, अपमान, पराजय, असफलता, दरिद्रता आदि मानसिक दुख उम्लेर आउँछ , शोक, सन्ताप उत्पन्न हुन्छन् , दुखबाट मानिस रोई कराई गर्दछ आँसु बगाउँछ र कपाल लुच्छ । यसबाट वैराग्य भावको जन्म हुन्छ । भविष्यमा अधर्म नगर्ने र धर्ममा प्रवृत्त रहने वानी वस्दै जान्छ । मसानघाटमा आफन्तको चितारोहण गराउँदा जीवनको सदुपयोग गराउने किसिमका भावहरु उत्पन्न हुने गरेको प्राय ः देखिन्छ । धननाश भए पछि मानिसले भगवानलाई गुहार्छ । पराजिन र असफल व्यक्तिको घमण्ड नाश हुन्छ । नशा उतरे पछि होशको कुरा गरिन्छ । मानसिक दुखहरुको एक मात्र उद्देश्य मनमा जमेर बसेका ईष्या, कृतध्नता, स्वार्थपरता, क्रुरता, निर्दयता, छल, दँभ र घमण्डको सफाई गर्नु हो । दुख यस कारण आएका हुन्छन् कि आत्मामा जम्मा भएका प्रारब्धकर्मका पाप सँस्कार को अन्त होस । पीडा र वेदनाको धार पहिले गरिएका प्रारब्ध कर्मका निकृष्ट सँस्कारहरुलाई धुनको लागी प्रकट हुने गर्दछ । दैविक र मानसिक कष्टको कारण थाह पाईसकेपछि अब दैैहिक –शारिरीक कष्टको कारण थाहा पाउन आवश्यक हुन्छ । जन्मजात अपूर्णता एवँ पैत्रिक रोग यस कारण भएका हन्छन् कि पूर्व जन्ममा ति अँगहरुको दुरुपयोग गरिएको हुन्छ । मृत्यु पछि सूक्ष्म शरीर बांकी रहेको हुन्छ । यसै सूक्ष्म शरीरद्धारा अर्को नयाँ शरीरको रचना हुन्छ । यो जीवनमा जुन

अँगको दुरुपयोग गरिएको हुन्छ ती अँग सूक्ष्म शरीरमा अत्यन्त कमजोर हुन पुग्दछन । जस्तै कुनै व्यक्तिले अत्यधिक स्त्री प्रसँग – मैथुन गर्दछ भने सूक्ष्म शरीरमा त्यो अँग कमजोर भएको हुन्छ फलस्वरुप अर्को जुनीमा सँभवत त्यो व्यक्ति नपुँसक हुन पुग्दछ । यो नपुंसकता कठोर दण्ड मात्र होइन, यो त सुधारको एउटा उत्तम तरीका पनि हो । केही समय सम्म त्यो अँगलाई आराम प्राप्त भएपछि भविष्यका लागी सचेत र सक्षम हुन पुग्दछ । शरीरका अन्य अँगको लाभको लागी पापपूर्ण, अमर्यादित, र अपव्यय गर्नाले आउने जुनिमा ति अँग जन्म देखी नै निर्बल या नष्ट प्राय हुन पुग्दछन् । शरीर र मनको सम्मिलित पापको सरसफाईको लागी जन्मजात रोग प्राप्त भएका हुन्छन् या बच्चा अँग भँग भएर जन्मेका हुन्छन् । अँग भँग या निर्बल भएपछि त्यस अँगले धेरै काम गर्नु पर्दैन यस कारण सक्ष्म शरीरको त्यो अँगले विश्राम पाउँछ र अर्को जुनीको लागी पुनः स्फूर्त हुन पुग्दछ साथै मानसिक दुखबाट मनका पापभार पनि पखालिन्छन् ।

मानसिक पाप जुन शारीरिक पाप सँग मिसिएको हुन्छ , त्यो यदि राजदण्ड, समाज दँड ,या प्रायश्चित द्धारा यो जन्ममा शोधित भएन भने अर्को जुनिमा सर्दछ तर पाप यदि शारीरिक मात्र रहन्छ भने अथवा त्यसमा अल्पमात्रामा मात्र मानसिक पापको मिश्रण छ भने शारीरिक प्रकृति द्धारा छिटो नै त्यस्को सफाई भै हाल्छ । जस्तै नशा खादा उन्माद चढछ , विष खायो मृत्यु हुन्छ, आहार विहार मा गडबड भयो भने बिमारी आउँछ । यसरी शरीरले आफ्ना साधारण दोषहरुको सफाई छिटो छिटो गर्ने गर्दछ र यो जुनीको भुक्तानी यसै जुनीमा गर्दछ तर गम्भीर शारीरिक दुगुर्ण जसमा मानसिक पाप पनि मिसिएको हुुन्छ । अर्को जुनीमा फल प्राप्त गर्नका लागी सूक्ष्म शरीरका साथ जाने गर्दछ ।

भौतिक कष्टको मुख्य कारण हाम्रा सामाजिक पाप हुन् । सम्पूर्ण मानव जाति एउटै सत्रमा बाधिएको छ । विश्व व्यापी जीव तत्व एउटै छ र आत्मा सर्वव्यापी छ । जसरी एक ठाउँमा यज्ञ गर्नाले अन्य स्थानको वायुमँडल पनि शुद्ध हुन पुग्दछ र एक ठाउँमा फैलिएको दुर्गन्धको प्रभाव अन्यत्र पनि पर्दछ त्यस्तै एउटा मानिसले गरेको कुत्सित कर्मका लागी अर्कोे व्यक्ति पनि जिम्मेवार हुन्छ । कुनै व्यक्तिले दुष्ट कर्म

गर्दछ भने त्यसका बाबु आमाले लज्जा सहनु पर्ने हुन्छ । तिनीहरु यस कारण लज्जित हुनु पर्ने हुन्छ कि त्यस व्यक्तिको काम संग तिनीहरुको कर्तव्य पनि गांसिएको हुन्छ । आफनो छोरा–संतान कुटुम्बी र घरका मानिस लाई सुशिक्षित र सदाचारी बनाउनुका सट्टा दुष्ट हुन किन दिएको ? यसको अध्यात्मिक जिम्मेवारी कुटुम्वीहरुमा जान्छ । कानुनले अपराधी लाई मात्रै सजाय दिन्छ तर कुटुम्वीहरुको आत्मा स्वयंम् नै लज्जित हुन्छ । किनकि तिनीहरुको भित्री शक्तिले यो स्वीकार गर्दछ कि हामी पनि केही अंशमा यो मामिलामा अपराधी छौं । सम्पूर्ण समाज एक सूत्रमा बाँधिएको हुनाले एक अर्काको हीनताकोलागि आपसमा उत्तरदायी हुन्छन् । कुनै एकजनाको घरमा आगलागी भएपछि छिमेकी ले उभिएर तमाशा हेर्छ भने केही बेरमा त्यस्को घर पनि डढन सक्दछ । कुनै गाउँ टोलमा फैलिएको हैजा (कालरा) को रोकथामका लागि छिमेकी हरु चिन्तित हुदैनन् भने तिनीहरु पनि रोगको चपेटामा पर्दछन् । कसैले चोरी, बलात्कार, हत्या र लूट जस्ता घटना हुँदा हेरेर बस्छ र सामथ्र्यवान भएर पनि त्यसलाई रोकने प्रयाश गर्दैन भने समाजले त्यो व्यक्तिलाई घृणा गर्दछ र कानून अनुसार दण्डित पनि हुन सक्दछ ।

यो त ईश्वरीय नियम नै हो कि प्रत्येक मानिसले सदाचारी जीवन विताउनु पर्दछ र अर्कालाई अनीतिको बाटो हिड्न देखि रोकन भरसक प्रत्यत्न गर्नु पर्दछ । यदि कुनै देश अथवा जातिले आफनो स्वार्थमा संलग्न भएर अर्काको कुकर्मलाई रोक्न र सदाचारमा अभिवृद्धि गर्न प्रयास गर्दैन भने त्यसलाई पनि अर्काको पापले छुन्छ र त्यस स्वार्थपरताको सामूहिक पापले सामूहिक दण्ड पनि प्राप्त हुन्छ । भूकम्प, अतिवृष्टि, दुर्भिक्ष , महामारी र महायुद्धको कारण बाट यस्तै सामूहिक दुष्कर्म हुन्छन् र जसमा स्वार्थपरतालाई प्रधानता दिइन्छ र परोपकार को उपेक्षा गरिन्छ ।

सामान्यतया के देखिन्छ भने अन्याय गर्ने धनीमानी र प्रभावशाली व्यक्तिहरुको दाँजोमा मूक पशु जस्तै जीवन विताउने सिधा साधा व्यक्तिहरु दैवी प्रकोपको बढी शिकार हुन्छन् । अतिवृष्टि र अनावृष्टिको कष्ट गरीब किसान ले नै बढी सहनु परी रहेको हुन्छ । यसको प्रथम कारण यो हो कि अन्याय

गर्ने व्यक्ति भन्दा अन्याय सहने व्यक्ति धैरै पापी हुन्छ । "कायर अन्यायीको बाबु हुन्छ" भन्ने उखान नै छ । कायरतामा यौटा के गुण हुन्छ भने उसले आफु माथि अन्याय गर्नका लागि कोही कसैलाई अनजानमा निमन्त्रित गरीरहेको हुन्छ । भेडाको ऊन गोठालाले काटेन भने अरु कसैले  काटेर लिन्छ । कायरता, कमजोरी र अविद्या स्वयंम् आफैमा ठुला पातक हुन् । यस्ता पातक माथि भौतिक प्रकोप धैरैमात्रामा हुन्छ भने आश्चर्य मान्नु पर्दैन । संभवतः तिनीहरुको कायरतालाई अंत गर्न र स्वभाविक तेज जगाएर निष्पाप बनाउनका लागि अद्दश्य सत्ताद्धारा यस्ता घट्नाहरु उपस्थित गराइएको हुन सक्दछ । यी भौतिक दुर्घटनाहरु श्रृष्टिको दोष न भएर स्वयं हाम्रै दोष हुन् । जसलाई शुद्धिकरण गर्न लाई आगोमा तपाए झै हामीलाई शुद्ध गर्नकालागि यस्ता कष्टहरु पटक पटक कृपापुर्वक आउने गर्दछन् तथा संसारलाई जोरदार चेतावनी दिएर सामाजिक निष्पापता बढाउने आदेश दिने गर्दछन् ।

दैविक, दैहिक र भौतिक दुखको विवेचना केही मात्रामा माथिका पंक्तिहरुमा गरिएको छ अव यसै लेखमाला अन्तरगत कस्तो पाप पुण्यको फल के कति समयमा प्राप्त हुन्छ भन्ने कुरा बुझाउने प्रयाश गरिने छ ।

## कर्मका तीन वटा श्रेणीहरु ः

दुख तीन किसिमका हुन्छन् । तिनको निरुपण गर्नु भन्दा पहिले कर्मका तीनवटा किसिमको बारेमा थाह पाउन आवश्यक हुन्छ ।

१. संचित

२. प्रारब्ध

३. क्रियमाण

हाम्रो संस्कार भूमिकामा यहि तीनवटा कर्मको संचय हुने गर्दछ । चित्र गुप्तको परिचय यो लेखमालामा पाठकहरुले प्राप्त गरि सकनु भएको छ । त्यसमा मानिसको अंतःचेतना यस्तो निष्पक्ष, निर्मल, न्यायशील र विवेकवान हुन्छ कि उसले आफनो र विरानो भनेर कुनै भेदभाव नगरेर सत्यनिष्ठ न्यायधीश झै प्रत्येक असल खराब कामको विवरण कोरिरहेको हुन्छ  भन्ने कुरा स्पष्ट गरि सकिएको छ ।

## संचित ः

हामीले दिनभरमा संपादन गर्ने कामहरुलाई तीन खण्डमा वाड्न सक्दछौ । केही काम त हामीले अनजानमा गरी राखेका हुन्छांै । जस्तै खराब व्यक्तिहरुको हेलमेल र टोलमा अथवा सत्संगमा रहदा त्यस्को प्रभाव कुनै अंशमा गोप्य तरीका बाट हामी माथि पर्ने गर्दछ । यद्धपि यसरी जुन प्रभाव हामी माथि पर्दछ त्यो हामीले जानी जानी स्वीकार गरेका हुदैनौ यस कारण त्यो हलुगो, निर्वल र थोरै मात्र प्रभावशाली भएर हाम्रो अन्तर चेतनाको यौटा कुनामा थन्केको हुन्छ । यस्ता हीन वीर्य संस्कार बनाउने लाई संचित कर्म भनिन्छ । जुन काम विवश भएर, अर्काको दवावमा परेर असहाय अवस्थामा गरिन्छ तर मनमा आन्तरिक इच्छाले यो त विवशता हो अन्यथा म यस्तो काम कदापि गर्ने थिएन भन्ने किसिमको चिन्तन मिश्रित दुख अनुभव भैरहन्छ र लाचार भएर त्यस्ता काम गर्नु पर्दछ तथा मनले निरन्तर विद्रोह गरी रहन्छ र कालान्तरमा त्यसकामलाई स्वभाव बनाएर स्वीकार गर्दैन भने त्यो कामको संस्कार हलुगो , अल्प वीर्य र कम प्रमावी हुन्छ । यस्ता काम पनि संचित कर्मको श्रेणीमा आउँछन् । यस्ता संचित कर्मको संस्कार बहुतै कमजोर र हलुंगा हुन्छन् , यस कारण तिनीहरु हाम्रो मनोभूमिको कुनै कुनामा खुम्चिएर हजारांै वर्ष सम्म थन्केका हुन्छन् । यदि इन लाई प्रकट हुने कुनै राम्रो मौका मिल्दैन भने इनीहरु यसरी नै थन्किएर वसी रहन्छन् तर यदि त्यस्तै खाले खराब काम कुनै समयमा हामीबाट जानीबुझी स्वेच्छाले र विशेष मनोयोगका साथ गरिन्छ भने ती कुहिएर बसेका संचित संस्कार पनि सलबलाउन थाल्छन् । जस्तै असल घोडाहरु को बथानमा कुनै लगडो घोडा मिसिन पुग्यो भने त्यो लगडो घोडा पनि हिडन थाल्दछ ।

ठिक त्यस्तै ती संस्कारहरु पनि चिहानबाट बिउंझेर आउँदछन । जसरी किरालागेको बिउ पनि राम्रो भूमि र राम्रो मल जल पाएर उम्रिन्छ त्यस्तै संचित संस्कार पनि आफनो जातिका शक्तिशाली कर्महरुको सहयोग र साथ पाउना साथ उम्रिहाल्छन । प्रोत्साहन पाएर तिनको साहस दोब्बर हुन पुग्दछ तर यदि ती संचित संकारहरुलाई लगातार विपरीत स्वाभावका शक्तिशाली कर्म  संस्काहरुका साथमा वस्नु प¥यो भने तिनीहरु नष्ट हुन्छन् । तातो स्थानमा राखिएको एक घैटा पानी गर्मीको प्रभावबाट अंततः दुई महिनामा सुकी हाल्छ त्यसै जहाँ उत्तम कर्मका संस्कार जम्मा ह्ुने गर्दछन् त्यहाँ ती विचरा खराब संस्कारहरु तिनको तापले गर्दा डढेर नष्ट हुन पुग्दछन । धर्म ग्रन्थहरुमा तीर्थयात्रा आदि फलानो फलानो शुभ काम गर्ने हो भने यति जन्म का पाप नष्ट हुन्छन् भनि उल्लेख रहेको पाइन्छ । वास्तवमा शास्त्रमा यस्तो संकेत यस्ता अल्पवीर्यका संचित संस्कारहरुका सम्बन्धमा नै भएको हो । असल र खराब दुवै किसिमका संचित धर्म संस्कार अनुकूल परिस्थिति पाएर फालदायी हुन्छन् र तीव्र परिस्थितिहरुमा नष्ट पनि हुन्छन् ।

## प्रारब्ध ः

ती मानसिका कर्महृरु जसलाई स्वेच्छापूर्वक जानीबुझी, तीव्र भावनाहरुबाट प्रेरित भएर गरिन्छन् । यी कार्यहरुलाई विशेष मनोयोगका साथ गरिन्छ यसकारण तिनीहरुको संस्कार पनि बहुतै शक्तिशाली हुन्छन् । हत्या मानववध ,डाका ,विश्वासघात ,चोरी ,व्यभिचार जस्ता प्रचण्ड कार क्रूर कर्मको प्रतिक्रिया अंतकरणमा बहुतै तीव्र हुन्छ र त्यो विजातीय द्रब्यलाई बाहिर फाल्नको लागि भित्रको अध्यात्मिक पवित्रता निरंतर व्याकुल भैरहेको हुन्छ र कुनैनकुनै दिन त्यसलाई बाहिर फाल्न सफल भैनै हाल्छ ।

हामीले हाम्रो अंतःचेतन निष्पक्ष न्यायधीश झैं हाम्रो प्रत्येक कामलाई हेरिरहेको हुन्छ र त्यस्को न्यूनता अधिकता अनुसार दण्डको व्यवस्था गरी रहन्छ भन्ने कुरा बताई सकेका छौं  किनकि मानसिक

दण्ड आफै भित्र भित्रै पूरा हुन सक्दैन र यसका लागि अरु साधनहरुको पनि आवश्यकता पर्दछ । त्यस्तै दण्ड कर्मलाई पुरा गर्नको लागि सूक्ष्म लोक बाट त्यस्तै घटनाक्रम उपस्थित गर्नका लागि  हाम्रो अंतःचेतनाको यौटा वातावरणको निर्माण गर्दछ । यसको तयारीमा कहिले काही त बहुतै बढी समय लाग्दछ । उदाहरणका लागि छल स्वभावको निवारणको लागि शोक रुपी दंडको आवश्यकता हुन्छ । तब सर्वप्रथम त छल क्ुन स्तरको हो भन्ने कुरा हेरिन्छ र त्यस पछि त्यो पाप कर्मको शुद्धि कुन स्तरको शोक बाट हुन सक्दछ भन्ने कुरा आउँछ र अन्तःचेतना भित्र भित्रै त्यो परिस्थिति निर्माण गर्नमा क्रियाशील भैरहन्छ । उसले शरीरमा यस्ता तत्वको निर्माण गर्न थाल्दछ जसबाट छोरा जन्मोस र त्यो पुत्र शरीरमा यस्तो आत्माको मेल गराउँदछ कि जसलाई आफनो कर्म अनुुसार  दस वर्ष मात्र वाच्ने आयु रहेको होस् । छोरा दश वर्षको आयु पुरा गर्दा गर्दै अन्तचेतनाले  गोप्य रुपमा छोरा माथि जाइ लाग्छ र उसलाई रोगी बनाएर मारी दिन्छ र शोकको इच्छित अवसर निर्मित गरी दिन्छ । यस्तो अवसर तयार हुनमा एक जनाको मात्र काम हुदैन अपितु दोस्रो पक्षको काम हुन्छ । दुई जनाको चेतनाले आ–आफ्ना लागि अवसर खोजी रहेका हुन्छन् र जब तिनीहरुको इच्छित जोडीपाउँछन् तब कुनै घटनाको भूमिका बन्न पुग्दछ । यस्ता काममा त एक ,दुई ,तीन अथवा कैयौ जुनी लाग्न सक्दछन् । जसरी विवाहकालागि केटाको लागि केटी र केटीको लागी केटा खोज्ने काममा प्रायः समय लाग्ने गर्दछ , सैकडौ प्रसंग उठन सक्दछन र कुनै कमि कमजोरीले गर्दा निश्चित हुन पाउदैनन तर दुबै पक्षबाट सब कुुरा ठीक र स्वीकार भैसके पछि विवाह भैहाल्छ । यस्तै बाबुलाई पुत्रशोक र पुत्रलाई अल्पायुको संयोग , जब दुवै विधान पूर्णतया ठिक्क मिल्दछन् तब दुबै एक साथ हुनपुग्दछन् । अफ्रिकामा वेन्सस नामको दस फुट सम्म अग्लो हुने यौटा बिरुवा  पाइन्छ । यस्को हाँगा बाट मसिनो धागा झैं लहरा  अंकुरित भएको हुन्छ र यी अंकुरित धागा बद्दै जान्छन र हावामा हल्लि रहन्छन् र यौटा अंकुरले अर्को अंकुरलाई छुनासाथ दुवै आपसमा लपेटिन पुग्दछन् र डोरी झैं बेरिएर एक हुन पुग्दछन् । एउटा धागो अर्को धागोको सम्पर्कमा नगए सम्म्म ऊ एक्लै बढ्दै गएको हुन्छ र अंतमा कोही कसै संग मिल्न र बेरिन पुग्दछ । कुनै धागो चार

छ अंगुलकै हुँदा नै अर्को धागोको सम्पर्कमा पुगी हाल्छ तर कोही कोही त चार फुट लामो भैसके पछि मात्र अर्को धागो सँग जोडिन सफल हुन्छ । कर्म फल पनि यस्तै हुन् । शारीरिक दंड त एकहोरो हुन्छ । जस्तै विष खाए पछि मृत्यु भयो – सकियो । तर मानसिक दंडमा अपवाद हुन्छ । उदाहरणका लागी क्रूरताले प्रेरित भएर कसैको हत्या गरिन्छ र पोल खुल्छ भने त राज्य द्धारा दंड मिल्छ नै तर यदि हत्याराले आफनो काम लुकाउन सफल भयो भने उसको अतः करणले उसलाई तुरुन्तै पापको दण्ड दिई हाल्दैन अपितु त्यहि दिन देखि वेन्सस रुखको हांगामा अंकूर पलाए झै अंतःकरणबाट पाप कर्मले हिंसा वृत्ति बाट घृणा गराउन र हिंसा बाट हुने कष्टको अनुूभूति गराउन का लागी साथी खोज्न थाल्दछ । जब अर्को पक्षबाट पनि त्यस्तै कुनै अंकुरित धागो भेटिन्छ तब दुबै आपसमा नागबेली भएर एक साथ मिलेर यौटा निधारित घटनाको भूमिका बन्न पुग्दछ । उपर्युक्त कारणबाट कहिले काहीं एक्कासी सत्कर्म गर्दा गर्दै सुख प्राप्त हुन पुग्दछ र कहिले काहि गलत काम गर्दा कुनै दुख आई लाग्दछ र कहिले काहीं त गलत काम गरे पनि दुख आउदैन । यस्तो हुनुको पछाडी कर्मफलको लागी उपयुक्त अवसर तयार हुनमा बिलम्ब लाग्नु नै हो ।

कोई कोई आत्मदर्शी योगीले भबिष्यमा तपाईलाई यस्तो यस्तो हुन्छ भनि बताई दिन्छन । र तिनले भने अनुसार हुने गरेको पनि देखिन्छ । यस्तो भएपछि मानिस परतन्त्र रहेछ भन्ने ठान्नु हुदैन प्रारम्भमा जो लेखिएको हुन्छ त्यहि मात्र हुन्छ आत्मदर्शी को भविष्यवाण्ीा यस कारण सत्यसिद्ध भएको होईन कि मानिस परतन्त्र छ अपितु यो वाणी को सत्य हुनुमा आधार के हो त भने आत्मदर्शीले त्यो मानिसको प्रारव्ध कर्म ले अब आफनो भूमिका र साथी सहयोगी खोजी सकेको छ र अब तिनीहरु छुट्टिदैनन भन्ने कुरा ठम्याएर बोलेका हुन्छन । तिनले अफनो सूक्ष्म दृष्टिले ती अदृश्य परिस्थितिलाई देखेर प्रकट गरे का हुन्छन् । मुद्धाको मिसिल हेरेर न्यायधीशको स्वभार्व थाह पाएको कारिन्दाले के कस्तो फैसला हुनेवाला छ भन्ने अडकल गर्न सक्दछ तर यसको यो अर्थ कदापि होईन कि झगडिया, मुद्धा, प्रमाण र वकील को कुनै महत्व नै हुदैन। कसैको प्रारब्धमा के लेखिएको छ ? भन्ने कुरा बताउनुको

अर्थ यो हो कि उसले कुनै  समयमा गरेको कामको फल पुरा हुन गईरहेको छ भन्नु मात्र हो । भाग्य र उपाय " ई दुई अलग कुरा  होइनन् अपितु यौटै वस्तुका दुइ नाम मात्र हुन् । कर्मको परिपाक भएर जब फल बन्दछ तब त्यसलाई भाग्य भनिन्छ । काँचो आँप" उपाय " हो र पाकेको आँप भाग्य हो । नयाँ कर्म उपाय हो र कालान्तरमा यही नै भाग्य बन्दछ । यस्तै पुरानो उपायलाई आज फलित भैरहेको देखेर भाग्य भनिएको हो । कर्म वाच्छी हो भने प्राब्ध बुढो गाई । समयको अन्तरले गर्दा यौटा वस्तुका दुइटा नाम पर्न गएका मात्र हुन् ।

पाठकहरु अव राम्ररी बुझी सक्नु भयो होला कि मानसिक पापको फल कसरी प्राप्त हुने गर्दछ । फल प्राप्तीमा ढिलाई हुने कारणहरु के–के हुन्छन् ? दैनिक आपत्ति क्रमानुसार व्यवस्थाका साथ साथ आउँछन् तर मानिसले त्यसलाई ईह्वरीय प्रकोप अथवा ईह्वरको इच्छा भन्दछ।अथवा संसार दुखमय छ भनेर मनमा संतोष गर्दछ । यर्थाथमा ईश्वर कसैको लागि पनि दुख शोक उपस्थित गर्दैन र न त कसैलाई कष्ट दिने ईश्वरको इच्छा नै हुन्छ र न त यो संसार दुखमय नै छ । माकुराले आफै जाल बनाउँछ र अन्ततोगत्वा आफुनै त्यो जालमा फस्न र झुण्डिन पुग्दछ । हामीले मनलाई अशुभ अधर्मी र पापी बनाएर आफनालागी दुख र द्धन्दका कांडा रोप्दछौं र जब ती कांडा भिज्दछ  तब रुन्छौं, कराउँछौं र अर्कालाई दोष दिन्छौं । यहाँ यौटा कुरा राम्ररी के थाह पाईरहनु पर्दछ भने प्रारव्ध फल आकस्मिक तरीकाबाट अवश्य प्राप्त हुन्छ जस्तै रोग बाट मुत्यु, घर भत्कनु, धन नाश हुनु, लडेर चोट पटक लाग्नु र  अंग भंग हुनु आदि । गैर व्यक्तिद्धारा जानी बुझीकन यस्ता कर्म गरिदैनन् किनकि यसमा दुईटा खराबीहरु छन् एकत अपकार गर्नाले मनमा शोभा उत्पन्न हुन्छ र ती दुर्गुणहरुमा झन वृद्धि हुन्छ र मनको उद्धिग्नता पनि झनै बढेर जान्छ भने अर्को कुरा अपकार गर्ने व्यक्तिले पनि त त्यही चक्रमा फस्नु पर्ने हुन्छ । जानीबुझी थाह पाएर मानिसद्धारा जे जति कर्महरु गरिन्छन् ती नयाँ कर्म हुन र अनायास,आकस्मिक ढंगले जुन कष्ट आई लाग्छ त्यो  प्रारव्धको भोग हुन्छ ।

**क्रियमाण ः**

कर्म शारीरिक हुन्छन् यस कारण त्यस्को फल प्रायः सँग सँगै भैरहन्छ । नशा खाना साथ मतवाला भइन्छ,विष खाना साथ मृत्यु हुन्छ । शरीर जड तत्वबाट बनेको छ । भौतिक तत्व स्थूल प्रधान हुन्छन् यसकारण यसमा तुरुन्तै पैचो मिल्छ । अग्नि छुना साथ हात पोलिन्छ । नियम विरुद्ध आहर विहार गर्नाले रोगको पीडा हुने र तिर्वलताको शीघ्र नै आक्रमण हुने गर्दछ र यसको शुद्धि पनि छिटै हुन्छ । श्रमिकले परिश्रम गर्दछ, त्यसको सट्टा त्यसलाई पैसा मिल्दछ । जुन शारीरिक कर्मका साथमा कुनै मानसिक गाँठो हुदैन र शरीर द्धारा शरीरका लागि मात्र कर्म गरिएको हुन्छ, त्यसलाई क्रियमाण भनिन्छ । पाठकले यो कुरा बुझि नै सक्नु भयो होला कि संचित कर्मको फल पाउनमा शंकै हुन्छ तर अवसर मिल्यो भने त्यो फलदायी हुन सक्दछ अन्यथा विरोधी परिस्थितिहरुबाट टकराएर नष्ट हुन पुग्दछन् । प्रारब्ध कर्मको फल निश्चित नै प्राप्त हुने गर्दछ । तर त्यस अनुकूल परिस्थिति प्राप्त हुनमा केही समय अवश्य लाग्दछ । यस्तो समय कति दिनको हुन्छ ? भन्ने कुराको कुनै नियम मर्यादा छैन । यो त आजको आजै हुन सक्दछ र केही जुनीको अन्तराल पछि पनि हुन सक्दछ । तर प्रारब्ध फल ती हुन् जो अकस्मात घटित हुन्छन् र जसमा मानिसको आफनो कुनै उपाय लाग्दैन । पुरुषार्थको अवहेलनाबाट जुन असफलता प्राप्त हुन्छ त्यसलाई प्रारब्ध फल कदापि भन्नु हुदैन । क्रियमाण त प्रत्यक्ष हुन्छन् नै जसको बारेमा माथि यो उल्लेख गरि सकिएको छ कि निश्चित फलदिने शारीरिक कर्म क्रियमाण हुने गर्दछन् । यस्को फल प्राप्तीमा धेरै समय लाग्दैन । यसरी तीन प्रकारका कर्म र त्यसको फल प्राप्तिको मर्यादाका बारेमा माथि केही प्रकाश पारिएको छ ।

कष्टको स्वरुप अप्रिय हुन्छ । त्यस्को तात्कालिक अनुभव तीतो हुन्छ । तर अन्तत ः कष्ट जीवको लागि कल्याणकारी र आनन्ददायक शिद्ध हुन्छन् । यसबाट दुर्गुणको शुद्धि र सद्गुणको बृद्धिमा असाधारण सहयोग प्राप्त हुन्छ । आनन्दस्वरुप आत्म प्रकाशमय जीवन र सुखमय संसारमा कष्टको स्वाद परिर्वतन यस कारण गांसिएको छ कि प्रगतिमा बाधा नपरोस । घडीमा चाभी भरेपछि त्यसको चालले निरंतता पाउँछ। हार्मोनियममा हावा धौंक्दै जादाँ त्यसका स्वर ठीक प्रकारले बज्ने गर्दछन् । पायडिल चलाई रहने हो भने साईकल हिडि रहन्छ । आगोको तापले तपित भएर भोजन पाक्ने गर्दछ । कष्टको थोरै मात्रा भए पनि जीवनमा सुख वृद्धिको लागी आवश्यक हुन्छ । संसारमा जे जति कष्ट छ त्यो यति नै छ र यस्तै छ तर यो हमेशा याद राखौं कि थोरै धेरै जे जति दुख आएको हुन्छ त्यो हाम्रो अन्याय अधर्म र अनर्थको फल हुन्छ । आत्मा दुखरुप छैन र न त संसार मा दुख नै छ ।

तपाई दुख देखि नडराउनु होस । त्रसित नहुनुहोस। थर थर नकाम्नुहोस । यस लाई देखेर चिन्तित न हुनु होस अपितु यसलाई सहन तयार हुनुहोस,। कटुभाषी तर सच्चा सहृदय मित्रलाई भेटने गरे झै यसलाई हात पसारेर अंकमाल गर्नुहोस । यसले कटु शब्द अवश्य बोल्दछ , अप्रिय संमालोचना पनि गर्दछ तर जाने बेलामा थुप्रै मालबस्तु र ढुकुटी उपहार स्वरुप दिएर जाने गर्दछ। बहादुर सिपाही भंmै छाती फुकाएर उभिनुहोस र भन्नुहोस आउन लागेका ए दुखहरु आउनुहोस ऐ मेरा नानी हो आओ मैले नै त तिमीह्ररुलाई उत्पन्न गरेको हुं र मैले नै तिमीहरुलाई अंकमाल गरेर माया गर्नेछु।मैले दुराचारिणी बेश्याले झै तिमीहरुलाई जारपुत्र भनेर लुकाउन अथवा छुपाउन चाहदैन अपितु सती साध्वीको धर्मपुत्र झै तिमीहरु मेरो काखमा मेरो आंचलको छायामा सहर्ष क्रीडा गर्न आऊ । म कायर होइन कि तिमीहरुलाई देखेर रुन थालूं, म नपुंसक पनि होइन कि तिम्रो भार बोकन देखि काम्न थालूं । म मिथ्याचारी पनि होइन कि आफुले गरेको कार्यफल भोगन देखि लुकन खोजूं। म सत्य हुँ ,शिव हुँ र सुन्दर हुँ। आऊ मेरो अज्ञानका कुरुप मानस पुत्रहरु आऊ , आऊ मेरो कुटीमा तिमीहरुकालागी पनि स्थान छ। म शूर वीर हुँ यस कारण हे दुखहरु । तिमीह्ररुलाई स्वीकार गर्न देखी मुख लुकाउदैन र न त तिमीहरु देखि बच्नको लागी कसैको

सहयोग नै चाहेको छु । तिमीहरु मेरो साहसको परीक्षा लिन आएका हौ,  म तयार छु, म खुट्टा कमाउदैन । तिमीहरुलाई स्वीकार गर्नको लागी छाती खोलेर उभिएको छु ।

खबरदार यो  संसार खराब छ, दुष्ट छ, पापी छ र दुखमय छ भनेर कदापि नभन्नु । यो ईश्वरको पुण्यकृति हो । यसको कण—कणमा उनले शीप भरिदिएका छन् , यस कारण यो कदापि खराब हुन सक्दैन । श्रृष्टि माथिको दोषारोपण गर्न भनेको त उसको कर्तामाथी आक्षेप लगाउनु हो । यो घैटो बहुतै खराब रहेछ भन्नुको अर्थ कुमालेलाई नालायक भन्नु त हो । तपाई को बावु नालायक छैनन् कि तपाईले दुनियालाई दुखमय भनेर उनको प्रतिष्ठालाई लांछित गरीरहनु भएको छ ।  ईश्वरकोे पुण्यभूमिमा दुखको  एक अणु पनि छैन । हाम्रो अज्ञानता नै हाम्रो दुखको कारण हो । आउनुहोस हाम्रो भित्रको सम्पूर्ण कुविचार र दुर्गुहरुलाई धोई पखाली गरेर अन्तःकरणलाई पवित्र पारांै जसबाट दुखहरुको आन्तरिक रुपमा निवृत्ति हुन सकोस र हामी परमपद पाउन सकांै ।

## हाम्रो दुनियाको हामी स्वयं निर्माता ः

एकजना दार्शनिकको विचारमा यो संसार यौटा निष्प्राण वस्तु हो । यसलाई हामीले जस्तो बनाउन चाहन्छांै यो त्यस्तै बन्न पुग्दछ । जीव चैतन्य हो र कर्ता पनि हो संसार पदार्थ हो र जड हो । चैतन्य कर्तामा यो योग्यता हुन्छ कि त्यसले जड पदार्थलाई आफ्नो इच्छा र आवश्यकता अनुसार उपयोग गर्न सक्दछ । कुमालेको सामुन्ने माटोको थुप्रो हुन्छ, त्यसले त्यो माटोबाट घैटो बनाउन सक्दछ र दियो पनि बनाउन सक्दछ । सुनारका सामुन्ने सुन राखिएको हुन्छ । उसले त्यसबाट इच्छाअनुसारको आभूषण बनाउन सक्दछ । दमाईको हातमा कपडा , सियो र धागो छ भने उसले चाहेमा कुर्ता सिउन सक्दछ र पाइजामा पनि सिउन सक्दछ । ठिक त्यस्तै हाम्रो सामुन्ने संसार राखिएको छ । यसमा सत रज र तम

तिनवटैको मिश्रण रहेको छ । छनौट गर्ने कर्ताले त्यसबाट आफनो इच्छा अनुसार चाहेको बस्तु छान्न सक्दछ । बगैचामा हीलो, फोहर र फुलको सुगन्ध तिनवटै चीज छन । कीरा हीलोमा जान्छ, झीगां फोहर बस्तुमा बस्छ र भमरा सुगन्धित फुलमा गएर बस्छ । सबैलाई आफनो ईच्छाअनुसारको बस्तु प्राप्त हुन्छ । चमेरा र लाटोकोसेरोले रातीमा पनि प्रकाश फैलाउँछन् । माहुरीलाई घासँमा पनि गुलियोको थुप्रो प्राप्त हुन्छ । त्रिगुणमयी प्रकृतिमा तिनै किसीमका बस्तुहरु मौजुद रहेका छन । यो यस्तो दोकान हो जहाँ अमिलो , गुलियो र नमकीन तीनै किसिमको बस्तु बिक्री हुन्छ । जो जस्तो ग्राहक आउछ , उसले आफ्नो मनपर्ने चीज बस्तु कीनेर लैजान्छ । यो भंडारमा कुनै बस्तुको कमी छैन । प्रतयेक बस्तुका गोदाम भरि भराउ छन । माताले षटरस व्यंजन तयार पारेर राखीदिनु भएको छ र जुन बच्चाले जे जे रुचाउँछ । आफु खुशी खान सक्दछ ।

त्रिगुणमयी प्रकृतिका दुवै पक्ष मौजुद छन्। यौटा राम्रो अर्को नराम्रो , यौटा कालो अर्को सेतो , यौटा धर्म अर्को अधर्म , यौटा सुख अर्को दुःख छनौट गर्ने पुर्ण स्वतन्त्रता तपाईलाई छ । दुनियाको असलाीरुप के हो त? भन्ने कुरा सुरुमा बताईसकिएको छ । तर त्यो यौटा तात्विक व्याख्या हो । व्यबाहारिक दृष्टिबाट प्रत्येक व्यक्तिको आफ्नो छुट्टै संसार छ । कुनै व्यक्ति चोर छ भने उसको मानसिक आकर्षणबाट तमाम चोरहरुसँग उसको मित्रता हुन पुग्दछ र जेलमा, समाजमा र घरमा सबै ठाउँमा उसको चर्चा परिचर्चाको विषय बस्तु चोरी नै हुन्छ । घरका मानिसले त्यससँग चोरी कै कुरा गर्दछन्। आमाले चोरी खराब काम हो भन्न सक्छिन भने पत्नीले राम्रो काम भन्न सक्छिन। कोईले राम्रो काम कोईले नराम्रो काम, कसैले समर्थन र कसैले बिरोध गर्न सक्दछ । घरबाट बाहिर निस्कदा उसको परिचितले पनि भेटघाटको क्रममा उसको पेशा चोरी कै बारेमा राम्रो र नराम्रो पक्षमा कुराकानी गर्नेछन । त्यो चोरले आफनो साथीहरुसँग भेटदा चोरी कै कुरा हुन्छन । जेलमा पनि चोर चोर दाजु भाई उखानलाई चरितार्थ गर्दै आफनो प्रिय विषयका कुराहरु हौसिएर खुब रसिलो तरीकाले गर्छन् । यसप्रकार चोरलाई यो संसार चोरीको मियोमा नाचिरहेको देखिन्छ र उसलाई विश्वको सबभन्दा ठुलो काम चोरी नै देखा पर्दछ। अन्य कुरा तर्फ त्यसको

ध्यान कमै मात्रामा जान्छ र अन्य काममाथी उपेक्षित र सरसर्ती दृष्टि मात्र पर्ने गर्दछ । यस्तै व्यभिचारी व्यक्तिको दृष्टिमा सम्पूर्ण स्त्रीलाई वेश्या र व्यभिचारिणी र कुमार्गगामिनी देखा पर्दछन् ।  त्यससँग त्यस्तै प्रकृतिका पुस्तक र तस्वीरहरु स्वतः आकर्षित भएर थुपर्न पुग्दछन् । उसलाई साथी त्यस्तै मिल्छन् र उसको मस्तिष्कमा सबभन्दा ठुलो प्रश्न कामवासना सम्बन्धी विषय नै रहने गर्दछ । नशाखोरले आफना साथी भाईहरुलाई समेटेर आफनो छुट्टै दुनिया खडा गरेका हुन्छन् ।

विभिन्न ब्यक्तिहरुले यौटै ब्यक्तिलाई आ–आफनो दृष्टिकोणले हेर्दा त्यो यौटै ब्यक्ति कइयांै प्रकारको देखा पर्दछ । माताले सन्तानलाई स्नेहको पात्र, पिताले आज्ञाकारी सन्तान तथा गुरुले सुयोग्य शिष्य मान्दछन् र उसका साथीहरुले उसलाई प्रिय मित्र तथा पत्नीले प्राण प्रिय मान्दछिन । सन्तानले कसैलाई पिता भन्दछ, शत्रुले उसैलाई वध गर्ने योग्य ठान्दछ,  दोकानदारले ग्राहकमान्दछ,, नोकरले मालिक मान्दछ, घोडाले सवार ठान्दछ, पालतु सुगाले त्यसलाई आफुलाई कैदि बनाउने जेलर मान्दछ, उडुस र उपियाहरुले त्यहि मानिसलाई स्वादिष्ट रगत भरिएको कोठा ठान्दछन । यदि यी सबै सम्वन्धीहरुको माता, पिता ,गुरु, मित्र, स्त्री, पुत्र, शत्रु, दोकानदार, नोकर, घोडा, सुगा, उडुस, उपिया हरुको मानसिक भावनाको यौटा तस्बीर बनाएर हेर्ने हो भने हामीले त्यो यौटै ब्यक्ति को सम्वन्धमा यिनीहरुको कस्ता कस्ता बिचित्र कल्पना गरेको जो एक अर्का संग बिल्कुलै भिन्न हुन्छ । यसमा यौटै कल्पना पनि यस्तो हुदैन जसले त्यो ब्यक्तिको सम्पूर्ण स्वरुपलाई प्रकट गर्न सकोस । जसको त्यो ब्यक्तिसंग जस्तो कार्य र ब्यवहार को ब्यवस्थापन हुने गर्दछ, त्यसले उसको बारेमा त्यस्तै कल्पना गरी हाल्छ । चटके परिस्थिति त यो हुन्छ कि प्रत्येक मानिसले स्वयं आफनो बारेमा यौटा यस्तै कल्पना गरेको हुन्छ । म वेश्या हुं , लखपति हुं , वृद्ध हुं , सन्तानहीन छु , कुरुप छु , भद्र भलादमी हुं , दुखी छु , खराब मानिसहरु द्धारा घेरीए को छु , आदि थरी थरी का कल्पना हामी सबैले गरेका छांै र यो कल्पनालोकमा आजीवन विचरण गरी रहेका छौं । जसरी अरु गैह ब्यक्तिले हाम्रो बारेमा आफना स्वार्थ र सम्बद्धता अनुसार आफनो धारणा र कल्पना सुनिश्चित गर्दछ त्यस्तै मनले पनि आफनो इन्द्रियहरको अनुूभूतिको

आधारमा आफ्नो सम्वन्धमा यौटा अपांग कल्पना गरि हाल्दछ र सबै कल्पनामा हामी पनि नशा खाएको मात लागेको मानिसले कुनै दिन बुझन सक्यौ भने उसले आफनो बारेमा कति गलत धारणा बनाएको रहेछ भन्ने कुरा थाहा पाउन सक्दछ ।

मानिस यस्तै आफनो भावुकतापूर्ण मानसिक हवाई उडान को घोडामा चढेर सच्चाई भन्दा धेरै पर आकाशमा उडने गर्दछ र त्यसै मात्तिएर मनका लड्डु खाई रहेको हुन्छ । कसैले मन मनै चना खाई रहेको हुन्छ कसैले रक्सीको नशामा मात्तिएर भित्तालाई गाली गर्दै आफनै टाउको ठोकाई रहको हुन्छ । कोई कोईले त कुकुरलाई अंकमाल गरेर प्रियतमा भनेर चुम्बन आलिंगन गरेको आनन्द लीरहेको हुन्छ । हामी अज्ञानको नशामा सुती रहेका छौं । कसैलाई महलको स्वप्न आई रहेको हुन्छ र कोई भंयंकर दुःस्वप्न देखेर भयभीत भैरहेको हुन्छ । कतै शेखचिल्लीको विवाह भैरहेको छ भने कोई पागलले धनाढ्य र राजशाहीको शान देखाई रहेको छ । दुनियाको पागलखानामा किसिम किसिमका खप्परहरुको आफनो करामात देखाई रहेका छन् । यी सबै आ–आफनै तरीका का छन् , विचित्र छन् र सबैले आफूलाई चलाख ठानी रहेका छन् । तपाई यदि कुनै समयमा मानसिक अस्पताल जानुभएको रहेछ र त्यहाँ थुनिएका बुद्धिमानहरु” को कुरा सुन्नु भएको छ भने दुनियांका मानिसहरुले दुनियांका बारेमा देख्ने गरेका स्वप्नहरु संग तिनका कुराहरुलाई सजिलै संग दाँजन सक्नु हुन्छ ।

हामीले मानिसलाई थरी थरीका दुखमा परेर छटपटिएको र थरी थरीका सुखमा मात्तिएर हिंडेको देखने गर्दछांै । “ दुनिया खराब छ ” , खराब युग आएछ “ ईमान्दारीको समय गयो ” चौतर्फी बेइमानी छ “ सबै धोकेवाज मात्र छन् । ” धर्तीमा धर्म नै रहेन यस्ता कुरा उनीहरु निरन्तर भनिने गरेको सुनिन्छ । वास्तवमा त्योस्तो कुरा गर्नेहरु स्वयं धोकेवाज बेइमान हुन्छन् । मानिसका इच्छित वस्तुहरु उसका चारैतिर फिजिएका छन् र तिनको सहायताले सुव्यस्थित कल्पना चित्र उसको मनमा अंकित भएको छ । कुनै व्यक्ति “दुनियामा कुनै काम छैन ”, बेकारी र बेरोजगारी मात्र छ उद्योगधन्दा छैनन् र राम्रो काम

गर्न नै पाइँदैन भन्ने गर्दछ भने तपाईले त्यो व्यक्तिको निष्कृयता र निकम्मापनको चिन्ह हो भन्ने कुरा सजिलै बुझन सक्नु हुन्छ । त्यो मानिस जहाँ जान्छ त्यहाँको दर्पणमा आफनै अनुहार हेरेर फर्केको हो भन्ने कुरा सिद्ध हुन्छ । जसलाई यो संसार स्वार्थी, कपटी र दम्भी, दुखमय, कलुपित, दुर्गुणी र असभ्य देखिन्छ, त्यसको अंन्तरमा त्यस्तै गुणहरुको बाहुल्यता रहेछ भन्ने कुरा बुझ्नु पर्दछ । यो संसार एउटा विशाल र बहुत राम्रो विल्लौरी जातको सिसाको चम्किलो ऐना हो र यसमा हाम्रो अनुहार जस्ताको त्यस्तै देखिन्छ । जुन व्यक्ति जस्तो छ त्यसको लागि यो त्रिगुणी सृष्टिबाट त्यस्तै किसिमका तत्वहरु बाहिरिएर अगाडी आउँछन् ।

क्रोधी मानिस जहाँ जान्छ, त्यही उसलाई कोई न कोई झगडालु भेटिहाल्छ । घृणा गर्नेलाई कोही न कोही घिर्णित वस्तु भेटिहाल्छ । अन्यायी मानिसले सम्पूर्ण मानिसहरुलाई सोहमत नभएका असभ्य र दण्डनीय देख्दछ। वास्तवमा मानिसले आफनो मनोभावहरुलाई आफनो सामुन्नेको व्यक्तिमाथि थुपार्न खोज्दछ र उसलाई त्यस्तै ठान्दछ, जस्तो ऊ आफु हुन्छ । साधूहरुलाई असाध्वी स्त्री प्रायः भेटिदैनन्, विद्या अभ्यासीलाई सद्ज्ञान प्राप्त भई नै हाल्छ, जिज्ञासूको ज्ञानको भोक मेटिन्छ, सतयुगी आत्मा प्रत्येक युगमै हुनछन् र तिनिहरुसंग सदैव सतयुग प्रवाहित हुने गर्दछ ।

यो दूनियां दूधले धोएको स्वच्छ छ र तपाईले आफनो दृष्टि दोषले गर्दा यसलाई खराब भनि रहनु भएको छ भनेर मैले भन्न खोजेको होईन । यसभन्दा पहिलेका पंक्तिहरुमा यो दुनियां त्रिगुणमयी छ भनेर पटक पटक भनि सकिएको छ । प्रत्यक बस्तु तीन वटा गुणको मिसावट बाट बनेको छ । यहां तपाई भन्दा तल्लो कक्षामा पढ्ने विद्यार्थी छन् , तपाईको साथ समान कक्षामा पढ्नेहरु छन् र तपाई भन्दा माथिल्लो तहका पनि छन् । तीनै किसिमको मानिस यहाँ छन् । सतोगुणी ती हुन जो तपाईभन्दा माथिल्लो कक्षामा छन् , रजोगुणी ती हुन् जो समान कक्षामा छन् र तमोगुणी ती हून् जो तल्लो कक्षामा छन् । डांकाको दांजोमा चोर सतोगुणी हुन्छ , किनकि डांका भन्दा चोरमा उदारताको अंशको मात्रा बढि हुन्छ तर चोर र डांका दुबै भन्दा श्रमजीवी मजदुरको स्तर उच्च हुन्छ , त्यो भन्दा ब्राम्हण उच्च हुन्छ र ब्राम्हण भन्दा साधु

ठूलो हुन्छ । डाका भन्दा साधु धेरै माथी हुन्छ तर जीवन मुक्त आत्माहरु भन्दा साधु पनि त्यतिनै तल हुन्छ जति साधु भन्दा डाका तल हुन्छ । त्यसो भए के डाका सबभन्दा तल्लो स्तरको व्यक्ति हो ? होइन । त्योत सर्प भन्दा माथिल्लो स्तरको हो नि । सर्प आफनो सर्पिणी प्रति उदार हुन्छ र डाकाले आफनो परिवारमा उदारता देखाउँछ । चोरले आफनो परिचितका घरमा चोरी गर्दैन , ब्राहमण आफनो जातिको कल्याणमा दत्तचित्त रहन्छ ,साधुले मानव मात्र संग उदारताको बर्ताव गर्दछ । जीवनमुक्तले मानिस र कमिलामा कुनै अन्तर देख्दैन, उसले सर्वत्र यौटै आत्मा देख्दछ । तात्पर्य यो हो कि परमपद प्राप्त हुनु भन्दा पहिले सम्म प्रत्येक प्राणी अपूर्ण हुन्छ र त्यसमा केहीनकेही मात्रामा नीचताको स्वाभाव रहन्छ नै र जुन दिन उसको सम्पूर्ण नीचता समाप्त हुन्छ, त्यसदिन त्यो उन्नतिको शिखरमा पुगेर चरम ध्येयलाई प्राप्त गरी हाल्छ । सृष्टिको प्रत्येक प्राणी आजको वर्तमान स्वरुपमा अपूर्र्ण नै छ । अपूर्णको अर्थ हो सदोष । समग्रमा हेर्ने हो भने दोष भन्दा निश्चय पनि गुणको अधिकता रहेको छ । यद्धपि अधर्म विद्यमान छ नै तर प्रकाशको मात्रा धेरै छ । दुनियाका मानिस खराब अवश्य छन् तर राम्रोपनको वृद्धिमा नै तत्पर देखाउनु पर्दछ । दिनमा हामी जागेका हान्छौं प्रकाशमा काम गर्दछौं र प्रकाशमा बस्न मन पराउँछौ । जब रातिको अंधकार आउँछ तर आंखा बाल्दछ । यसरी उज्यालोमा काम गर्ने र अंधेरोमा सुत्ने, हाम्रो यो प्रकृतिले संसार संग कस्तो ब्यहार गर्न पर्दछ भन्ने कुरा सिकाउँछ । व्यक्तिमा के सदगुण रहेछ ? त्यसलाई खोज्नु पर्दछ, सदगुण कै सम्पर्कमा जानु पर्दछ र त्यसैमा आन्नद प्राप्त गर्नु पर्दछ तथा सदगुणलाई नै प्रोत्साहित गर्न पर्दछ दोषहरुलाई पनि हेर्नुपर्दछ तर तिनमा अल्झिनु हुँदैन । रातीको अंधकारमा जस्तै आंखा बन्द गर्न महर्षि दत्तात्रेय को कथाका जानकारहरुलाई यो कुरा विदित छ कि जब सम्म उनले दुनियाँको कालो र सेतो दुवै पक्षको समन्वय गरे तब सम्म उनी साह्रै चिन्तित र दुखी रहे तर जब उनले कालेबाट दृष्टि हटाएर सेतोमा मात्र ध्यान केन्द्रित गरे , तब उनलाई सबै जीव आदरणीय , उपदेश दिने र पवित्र देख परे । उनले चौबीस गुरु बनाएर जसमा कुकुर , बिराले , स्याल , माकुरा, झींगा ,चील र काग जस्ता पशुपक्षी पनि थिए । संसारको कुनै प्राणी पनि घृणित छनै भन्ने कुराको उनलाई बोध

भयो । सबै जीवमा महान आत्माको पास हुन्छ र तिनीहरु महानताका लागि अगाडी बढीरहेका छन् । जब हामीले आफने दृष्टिलाई गुणग्राहक बनाउँछौ तब दुनियाको पुरा तख्तापल्ट भएको पाउँँछौ । दोषको सट्टा गुण, खराबीको सट्टा भलाई , र दुखको स्थानमा सुखले वास गर्न थाल्दछ । बहुतै खराब दुनिया बहुतै राम्रो बन्न पुग्दछ ।

तिलको आडमा ताड लुकेको रहेछ । मूलमुलैया को खेलमा चोर ढोका अलिकति गल्ती हुना साथ छोइन्छ । चटकेले एउटो खोक्रो लकडी बेकेको हुन्छ त्यसमा एका पट्टी नीलो र अर्को पट्टी पहेंलो धागो भरिएको हुन्छ । उसले त्यस्को प्वालबाट धागो तान्दा पहेलो धागो बाहिर निस्कने गर्दछ तर अर्को तिर बाट तान्दा निलो धागो निस्कन्छ । दर्शक धागोले कसरी रंग बदल्दो रहेछ ? भनेर छक्क पर्दछन् । तर त्यो कोठाको भित्र भाग  खोक्रो भएकोले त्यस भित्र बेरिएको धागो अदला बदली भएर निस्कने गर्दछ । यो संसार कसैलाई राम्रो देखा पर्दछ त कसैलाई नराम्रो देखापर्दबाहिर निस्कने गर्दछ तर अर्को तिर बाट तान्दा निलो धागो निस्कन्छ । दर्शक धागोले कसरी रंग बदल्दो रहेछ ? भनेर छक्क पर्दछन् । तर त्यो कोठाको भित्र भाग  खोक्रो भएकोले त्यस भित्र बेरिएको धागो अदला बदली भएर निस्कने गर्दछ । यो संसार कसैलाई राम्रो देखा पर्दछ त कसैलाई नराम्रो देखापर्दछ । यसको कारण हाम्रो दृष्टिको भित्री भागको अल्झ्याउरोपन हो । यो अल्झ्याउरोपनको रहस्य र यसको सुल्झने उपाय यो हो कि तपाईको आफनो दृष्टिकोण बदल्नु पर्दछ । आफनो पुराना कल्पना द्वारा बनाइएका झंझटहरुलाई  तोडेर फाल्नु पर्दछ । मस्तिष्कमा भरिएका होस बरु आफनो तेश्रो आँखा–" ज्ञानको आँखा " खोलेर त्यो पुरानो संसारलाई भष्म गरी दिनुहोस । वर्तमान कलियुग लाई प्रलयको खाडलमा खस्न दिनुहोस र आफनो सतयुग आफनो मानसलोकमा स्वयंले नै रचना गर्नुहोस तपाई दुनियाको अंधकारको तमोगुणलाई हेर्न बन्द गरेर प्रकाशलाई अर्थात सतोगुणलाई हेर्न प्रारम्भ गर्नुहोस । तब हेर्नुस यो संसार जो तपाईलाई नर्क झैं ज्यान देखा पर्दथ्यो , यही स्वर्ग झैं बन्न पुग्दछ । हिजो तपाईलाई आफ्नो छोरा आज्ञाकारी देखिन्थ्यो , पत्नी कर्कश , भाई शत्रु झै ज्यान लिन खोज्दथे र भित्र कपटी थिए भने तपाईले दृष्टिकोण बदल्ना साथ ती सबै

पूर्णतया बदलिन पुगनेछन् । कारणके त भने जति मात्र मत भेद विद्यमान हुन्छ र बांकी त कल्पनाको रंगमा रंगिएर वृद्धि भएको हुन्छ । छोराले सरल स्वाभाववशं अथवा अन्य कुनै कारणले तपाईको भनाई नमानेको हुन सक्दछ तर तपाईको छोराले अपमान गरेको हो भन्ने ठान्नु भएको रहेछ । अपमानको विचार आउना साथ क्रोध आउँछ र क्रोधका साथमा तपाईको भित्र सुतेर बसेका मनोविकार बिउँझे र तिनको जागरण हुनासाथ यौटा भंयकर तामसी चित्र तपाईको मस्तिष्कमा निर्मित भयो । जसरी मनमा भय उत्पन्न हुनासाथ झारमा ठूलाठूला दाहा भएका , राता राता आंखा र कालो कलौटो भूत उत्पन्न हुने गर्दछ , त्यस्तै क्रोघले गर्दा बिउँझेका मनोविकारहरुको आसुरी मानसिक चित्र छोराका शरीरबाट झारबाट उत्पन्न हुने भूत जस्तै निस्केर बाहिर आईपुग्दछ । बिचरो छोराले जानेबुझेर बाबुको कुरा काट्न नचाहेको हुनसक्दछ , यो पाप हो अथवा यसबाट बुबा रिसाउनु हुन्छ भन्ने कुरा अनुमान गर्न नसकेको हुनसक्दछ तर उसले नचिताएको परिणाम हुन पुग्दछ । बुबा रिसाएर आगो हुनु भयो , घृणा गर्न लाग्नु भयो र दण्ड दिन तत्पर हुनुभयो र आफूलाई अभागी भनेर आँसु बगाउन थाल्नु भयो । अकारण नै यति ठूलो हुरी आई हाल्यो । छोराले आफुलाई सर्वथा निर्दोष मान्न थाल्यो , साथीसंग खेल्न जाने शुरमा बाबुलाई एक गिलास पानी दिन भुल्ेको हुन सक्दछ । तर यतिकैमा यति ठूलो क्रोध गर्नु , लांछना लगाउनु र दंड दिनु अनुचित छ भन्ने कुराको विचार आउना साथ छोरालाई पनि क्रोध र उसले पनि आफना मनोविकारहरुबाट उचालिएर बाबुको सरल ह्रदयमा दुष्टता , मूर्खता , क्रूरता शत्रुता र तमाम दुर्गुणहरुको आरोपण गर्न पुग्दछ र उसले पनि यौटा त्यस्तै भूत जन्माउन पुग्दछ । यसरी दुवैमा कटुता बद्दछ , ती दुवै भूत आपसमा लडदछन् र तिलको ताड बनाउन पुग्दछन् । कल्पनाको भूतले् एक रत्ती दोषलाई बढाउदै बढाउदै पर्वत जस्तो बनाई दिन्छ र ती दुवै एक अर्काका घोर शत्रु र ज्यानको ग्राहक बन्न पुग्दछन् ।

मेरो अनुभवमा यस्ता अनेक प्रसंग आएका छन् जब मैले दुइटा विरोधीहरुका बीचमा समझौता गराउनु परेको थियो र कसरी शुरु भयो ? यस कुराको गम्भीर अनुसंधान गर्दा के पत्ना लाग्यो भने विरोध को कारण बहुतै सानो कुरा थियो । त्सैमा दुवै थरीले आ–आफ्नो कल्पनाको विकास गर्दै गए र झगडाको

विकास भएको रहेछ । यदि दुवैले आ–आफ्नो भावना एकअर्का संग प्रकट गर्दछन् तथा एकअर्काको इच्छा स्वाभाव र मनेभूमिको उदारता पूर्वक अध्ययन गर्दछन् भने जति पनि आपसी टनाव र झगडा देखिन्छन् त्यस्मा उनान्सय प्रतिशत कमी आउन सक्दछ र सय भागमा मात्र एक भाग बाकी रहन सक्दछ । क्लेश र कलुहका वास्तविक कारण यति थोरै हुन्छन कि तिनको संख्या पीठोमा स्वाद परिवर्तनका लागि नून मिसाउने जति मात्र बांकी रहन्छ । मिर्चा बहुत ैपीरो हुन्छ र त्यस्को स्वाद सहन कठिन हुन्छ तर केही मात्रा मा त रुचिकर पनि हुन्छ नै ।

तल्लो योनिबाट माथि उठेर मनुष्य जातिको रुपमा आमाको गर्भबाट जन्मिएका बालक बहुतै अपूर्ण हुन्छन् र तिनमा मानवसमाज अनुसारका सबै योग्यताहरु प्रारम्भमा हुदैनन् । यस्ता बालक दिनमा सुत्छन् र राती जागाराम हुन्छन् । कपडामा मलमूत्र गर्दछन् , अलिकति भोक लागना साथ यति धेरै रुन्छन कि पुरा घर नै गुन्जयमान हुन्पुग्दछ । यसबाट घरमा उत्पात भैरहन्छ । जुन माताको निरंतर र तीव्र प्रजनन भैरहन्छ , ती माताको घर पनि यस्ता उत्पातले भरी भराउ रहन्छ । तर यी नवजात शिशुका उत्पात देखि आत्तिएर के कुनै आमा , बाबु , दाजु , भाई , दिदीबहिनीले घरको परित्याग गरेका छन् र ? अथवा यसबाट आत्तिएर घरलाई बस्न नसकिने ठाउँ भनि अयोग्य निवास घोषि गरेका छन् र ? वास्तविकता यो हो कि त्यो उत्पात पनि त उदार हृदयका मानिसको लागि एउटा राम्रो मनोरञ्जन र दिन बिताउने सहारा सिद्ध हुने गर्दछ ।

प्रत्येक उन्नत आत्माको यो कर्तव्य हो कि उसले आफ्नो आत्माविकासको लागि अर्काको उन्नतिको पनि प्रयत्न गर्नुपर्दछ । ढले पडेका लाई उठाउने र अघि बढ्न प्रोत्साहित गर्नु पर्दछ । यो समाजमा तमो गुण उम्लीरहेको छ , यसबाट डराउनु पर्ने कुनै आवश्यकता छैन । आत्मोन्नति चाहने आत्माको यो कर्तव्य हो कि ती उत्पातहरुमा सुधार गर्दै आफ्नो हातलाई मजबुत पारुन् । दुष्टतालाई बढ्न दिनु हुँदैन , पाश्विक तत्वहरुलाई मानव तत्वमा घुलमिल हुननदिने प्रर्यत्न गर्नुपर्दछ । चालक हलवाईले

दूध अशुद्ध नहोस भनेर झिँगाहरुबाट दूधको सुरक्षा गरीरहन्छ । कर्म कौशलले समाजमा पाप वृत्तिहरुको विकास रोक्नु पर्दछ भन्ने कुरामा जोड दिन्छ । यो विरोघ  कर्ममा बडो सुतर्कताको आवश्वयकता हुन्छ । यो खुकुरीको धार जस्तै हुन्छ र यसमा हिडनु भनेको वास्तवमा योग नै हो ।

खराबीले भरिएको यो संसारमा तपाई को कार्तव्य के हुनुपर्दछ त ? यो प्रश्नको उत्तर भगवान सूर्य नारायणले हामीलाई दिने गर्दछन् । उनले प्रकाश फैलाई  र अन्धकार आफै भागने गर्दछन् ,बादलले पानी वर्षा गर्दछन् र गर्मीको ताप आफै हराएर जान्छ । हामीले् भोजन गर्दछौ र हाम्रो भोक आफै शान्त हुन पुग्दछ । जब हामी स्वास्थ्यका नियमको पालन गर्दछौ तब दुर्बलता आफै खतम हुन्छ र जब हामी ज्ञान प्राप्त गर्दछौ तब अज्ञानमा आफै नष्ट हुन्छ । यसरी संसारबाट खरानीहरुको उन्मूलन गर्नको लागि राम्रोपनको प्रसार र विस्तार हुनुपर्दछ । अधर्मलाई मेटाउनका लागि धर्मको जनताको बुद्धिमा स्वास्थ्यका नियमहरुको महत्व बोध गराइयोस् । बिरामी पर्दाका अवस्थाम औषधि खुवाउन ठीक त हो तर समाजलाई निरोगी राख्नमा अस्पतालहरु असमर्थ छन् । दण्ड नीतिको एउटा स्थान अवश्य छ तर त्यस्ले अस्पतालको झैं आवश्यकता पूरा गर्दछ । यसले तत्कालिक आवश्यकता को उपचार सम्म गर्दछ र मूल कारणको निवारण दण्ड नीतिले गर्न सक्दैन । कुनै अपरेशन गरे जस्तै विरोध एउटा तत्कालिक कार्य मात्र हो । जुन डाक्टरको रकमा काम अप्रेशन गर्नु मात्र हो ऊ त कसाई कहलाउँछ , महिमा त त्यस चिकित्सक को हुन्छ जसले घाउलाई ठीक पार्न सक्दछ । यस्तो डाक्टर को के काम ? पीव निकाल्नलाई फोडा यति नराम्रो संग चिर्दछ कि घाउ बढोस र उपचारको मूर्खता मा अप्रेशनको घाउ बढ्दा बढ्दै गहिरिएर हाडलाई नै सडाउन पुगोस र रोगीको लागि प्राण घातक बनोस ।

तपाई सजिलो बाटो लाई ग्रहण गर्नुहोस । झगडा गर्ने र भित्र भित्रै रिसाउने नीतिलाई छोडेर दान , स्नेह र सुधारको बाटोलाई अवलम्बन गरेर अघि बढ्नुहोस । एक जना अचार्यल े "भनेका छन् । प्रत्येक मानिसले आफूमा  थोरै या धेरै मात्रामा सात्विकता धारण गरेको हुन्छ । तपाईले आफनो सात्विकतालाई

स्पर्श गर्नु होस र त्यसको सुताईमा जागरण पैदा गर्नुहोस । जुन व्यत्तिको सात्विक अंश जति मात्रामा छ तिनलाई बुझने प्रयास गरौं र त्यही अनुरुप त्यसलाई विकसित गर्ने प्रयास गरौं । अंधकार संग संघर्ष नगर्नु होस् , अपितु प्रकाश फैलाउनु ृ होस् , अधर्म बढी रहेको देखिन्छ भने निराश नहुनु होस् । अपितु धर्म प्रचारको , प्रयत्न गर्नुहोस । खराबीलाई यो मात्र एउटा तरीका हो कि राम्रोपनलाई बढाइयोस । यदि तपाईले बोतलमा भरिएको हावलाई बाहिर निकाल्न चाहनु हुन्छ भने त्यसमा पानी भर्नहोस । यदि बोतलबाट हावा निकाल्नु चाहनु हुन्छ र त्यस्मा केही भर्नु हुन्न भने हावा बाहिर निकाल्ने तपाईको प्रयत्न ब्यर्थ हुनपुग्नेछ । यदि एक पटक हावा निकाली नै हाल्नु भयो भने तत्काल त्यसमा पुनः हावा भरिहाल्ने छ । कुनै ठाउँमा खडा रहेको कुनै गाडी त्यो ठाउँमा अनुपयुक्त लाग्दछ भने त्यसलाई तानेर अगाडी बढाई दिनुहोस तपाइको इच्छा पुरा हुने छ तर यदि तपाईले गाडी हताउन त चहनु हुन्छ तर त्यसलाई अगाडी सार्न मन पराउनु हुन्न र केही समयका लागि पांग्राहरु लाई माथि उचालेर काम निकाल्न खोज्नु भयो भने तपाईले पांग्रा उचाली रहुन्जेल तलको स्थान खाली त हुन पुग्दछ तर तपाईले उचाल्न छोड्ने वित्तिकै तपाईले खाली बनाउनु भएको माथिको स्थान पुन ः मरी भराउ हुने पुगने छ । संसारमा तपाईलाई जे जति दोषहरु देखा पर्दछन् तिनलाई मेटाउनु छ भने तिनका विरोधी गुणहरुलाई फैलाउनु पर्दछ । तपाईले फोहर संकल गर्ने काम किन गर्नु हुन्छ, यो काम अरुहरुका लागि छोड्नु ृ होस् । तपाईले त सुगन्धित सेन्ट छर्कने काम सम्हाल्नु होस । समाजमा गरेका पशुहरुको छाला काढ्ने काम पनि गर्ने पर्दछ तर तपाई त प्रोफेसर बन्ने मन पराउनु होस । मैले सिनोको छाला न काढेमा कसले काढी देका भनेर तपाई चिन्तित हुनु हो । विश्वास के राख्नु भने प्रकृतिको साम्राज्यमा त्यस्ता अनेक प्राणी मौजुद छन् । अपराधीहरुलाई दण्ड दिने व्यक्ति स्वभावत ः आवश्यकता भन्दा बढी नै छन् । बालकले कसैलाई जिस्क्यो भने त्यसको गालामा थप्पड हन्नेहरु पनि छन् तर त्यस्ता बालकलाई निशुल्क दुध खुवाने अथवा लुगा फाटा दिने व्यक्ति सितिमिती कहाँ पाइन्छन् । तपाईले गालामा थप्पड लगाउने काम गर्नका लागि बाँकी राख्नुहोस् । ईटको जावाफ पत्थरको दिने काममा प्रकृति बडो चनाखो छ । तपाईले तती माताको पवित्र आसन ग्रहण गर्नु होस जसले आफ्नो

छातीबाट रस निकाल्न बालक लाई खुवाउँछिन् र आफु जाडोमा काम्दै रहे पनि बालकलाई चिसोबाट जोगाउँछिन् । तपाईलाई जुन उच्च दार्शनिक सान प्राप्त भएको छ, यसलाई विज्ञान प्रोफेसर झैँ पाठशालाका स साना छात्रमा बाड्नु होस ।

मानिसहरुले तपाईलाई दुख दिन सक्दछन् , तपाईको महत्वलाई नबुझन सक्दछन् , तपाईलाई मूर्ख ठहराउन सक्दछन तर यी कुरहरुको बिल्कुलै चिन्ता नगर्नु होस र व्यतित पनि विचलित नहुनु होस किनकी यस्ताको संख्या नगण्य नै हुन्छ । सय जनाले तपाई को सत्प्रयत्न बाट लाभाविन्त हुन्छन् भने दुई चार जना विराधो हुन पनि सक्दछन् । यो विराध तपाईका लागि ईश्वरीय प्रसाद जस्तै हुनेछ । यसबाट आत्मनिरीक्षक र भूल सुधा्रको अवसर प्राप्त गरेर संघर्ष बाट जुन शान्ति आउँछ त्यसलाई प्राप्त गर्दै अगाडी बढ्दै जानुहोस् ।

तपाईले यो सं ँसार अपार रहेछ यस कारण वैराग्य लायका छ तर आफनो नातिको लागी कर्तब्य धर्म पालन गर्नमा बैराग्य बाधक हुदैन भन्ने कुरा बुझि सक्नु भएको छ,। बास्तबिकता त यो हो कि बैराग्यतालाई अगालेर नै हामी बिकास पथमा तीब्र गतिले अगाडी बढ्न सक्छौ । सँसारलाइ दुखमय मान्नु ठुलो भुल हो । यो त सुखमय छ । सँसारमा सख नै नभएको भए स्वतन्त्र, शुद्ध, बुद्ध र आनन्दी आत्मा यहा आउन तयार हुने थिएन । दु ःख अरु केही होइन,सुखको अभाबको नाम हो । राजमार्गमा नहिदेर काडा भएको झारमा भुल्नु डुल्नु दुख हो । दुख बिरोध, म्लेश,कलहको अधिकाँश भाग काल्पनिक हुन्छ। अरु मानिसहरु साच्चै नै खराब हूदैनन जति हामिले मान्ने र ठान्ने गर्दछौ। यदि हामिले आफनो मस्टिष्कलाई शुद्ध गर्न सक्दछौ र आखामा लगाई राखेको रँगीन चस्मा निकालेर प्mयाक्न सक्छौ भने सँसारको सत्य स्वरुप देखा पर्न थाल्दछ। यो दर्पण जसो हो, असलका लागी असल र खराबको लागी खराब। हामो्र दृष्टि भलाई र स्नेहपुर्ण सुधारपुर्ण दिशामा हिड्नासाथ सम्पुर्ण सँसारले आफ्नो पे्रम हामी माथि खन्याउन सक्छ । अन्तरिक्षलोकबात मुथत आत्माहरुको अबिरल पे्रम रस फोहरा झै भर्न थाल्दछ । जसरी शितल चस्मा लगाए पछि जेठ महिनाको दिउसोको घाम पनि शितल हुन पुग्छ, त्यस्तै सुखको

भाबना गर्नसाथ बिश्वको एकएक कणले आफ्नो सुख शान्तिको भाग हामी माथि झार्न थाल्दछ। गोबरे कीराको लागी बिष्ता र हाँसको लागी मोतिको खजाना यहि सँसारमा भरिभराउ छन। सँसारलाई दुखमय, अन्यायी पापी मान्दछौ भने दुख मनसाभुत झै त्यस रुपमा हाम्रे सामुन्ने आर्ल हाल्छ । जव त्यसैलाई सुखमय मान्दछौ तब मस्त पकिर जसो सुख रोटी खाएर पनि राजकिय आनन्द लुट्न थाल्दछौ । साच्चैको दुख र पापको केहि अंश दुनिया मा छ तर त्यो दुख सहन गर्न सकेन योग्य हुन्छ र सुखको महत्व खोज्न सक्दछ र जो पाप छ त्यो आत्मोन्नतिको प्रधान साधन हो । यदि परीक्षा को ब्यवस्था न होस त संसारमा विद्धान र मूर्ख को बिचमा कुनै अंतर नै रहदैन ।

पाठकहरुलाई उपयुक्त पंक्तिको अध्ययनबाट यो बुझन सहयोग प्राप्त भयो होला की श्रृष्टि जड भएकोले यसलाई हाम्रो सुख दुखको कारण भन्न सकिन्न । यो आहना जस्तै छ जसमा प्रत्येक ब्यक्तिले आफनो कुरुप या सुन्दर अनुहार जस्ताको त्यस्तै देख्न सक्दछ । "संसार कल्पित छ " भनि दर्शनशास्त्रको यो उक्ति अंतरगत यहि मर्म लुकेको छ कि प्रत्येक ब्यक्तिले आ□नो कल्पनाका अनुहार संसारलाई हेर्ने बुझने गर्दछ । कइयौ अंधाहरले यौटा हात्तीलाई छामेछन । जस्तै पुच्छर छामेको थियो त्यसले हात्ती भनेको सुर्य जस्तो हुन्छ भन्यो । जसले खुट्टा छामेको थियो उसले खम्बा झै र जसले पेट छाक्यो त्यसले हात्ती त पर्वत सरह हुन्छ भन्यो । संसार पनि त्यस्तै हो । यसको स्वरुप आफनो निकटवर्ती स्थानलाई हेरेर निर्धारित गरिन्छ । तपाईले आफनो वरीपरी पबित्रा , प्रेम , भातृभाव , उदारता, स्नेह, दया, गुण र दर्शन का वातावरण तयार गर्नु हुन्छ र गुणग्राहि दृष्टि बनाउनु हुन्छ भने म शपथ पूर्वक भन्न सक्दछु कि यहि संसार तपाई को लागी नंदन व जस्तै स्वर्गको उच्च सीढि जस्तै आनददायक बन्न पुग्दछ । छिमेकिले आफनो खराव र दुखदायी कल्पना का अनुसार यसलाई खराव र कष्टप्रद मान्दछन भने मानुन ।

## दुखको कारण पाप नै होइन

सामान्यतया दुखलाई मन पराइदैन । मानिसहरुले पापको फलस्वरुप अथवा इश्वरीय कोपबाट दुख आउछ भन्ने मान्ने गर्दछन तर यो कुरा पूणतया सत्य होइन । दुख को योटा कारण पाप पनि हो यो कुरा ठिकै हो तर सबै दुख पापका कारण बाट नै आउछन भन्ने कुरा भने साचो होईन ।

कहिले काहि त यस्तो पनि हुन्छ कि इश्वरको कृपा का कारणबाट र पूर्व स.चित पुण्यको कारणबाट तथा पुण्य संचय को तपश्चयाको कारणबाट पनि दुख आउने गर्दछन । भगवान लाई जब कुनै प्राणीलाई दया गरेर उसलाई आफनो शरणमा लिन परेको हुन्छ अथवा कल्झाण मार्गमा लाग्नु परेको हुन्छ तब त्यसलाई भवा बन्धनबाट र कुप्रकृतिहरु बाट छुटयाउन का लागि यस्ता दुख दायक अवसर उत्पन्न गर्नु हुन्छ जसको ठोकर खाएर मानिसले आफनो भुल थाहा पाउन सकोस र निद्रा बाट बिलकुल सावधान हुन सकोस ।

संसारिक मोह, ममता र विषप कासनाको लत यस्तो लोभ्याउने खालको हुन्छ कि त्यलाई साधारण इच्छा बाट त्याग्न सकिदैन । कहिले काही यस्तो विचार मनमा आउँछ कि जीवन बहुमुल्य वस्तुको उपयोग कुनै क्षेष्ठमा गर्नु पर्दछ तर तत्काल नै यस्ता मनको हक परिस्थिति सामुन्ने आईपुग्छन् कि जसको कारणबाट ती हलुंगा विचारहरु उडेर जान्छन् । मानिस जहाँको त्यही उस्तै तुच्छ परिस्थितिमा वसी रहन पुग्दछ । यस्तै हीलोबाट बाहिर निकाल्न भगवानले यस्तलाई धक्को दिनृ ु जान्छ । सुतीरहेको लाई विउझाउनका लागि वडो जोर ले घच्घचाउँछन् । यही घच्घचाउट र घचेटिनेकाम हामीलाई दुख जस्तो प्रतीत हुन्छ ।

मृत्यु नजीक सम्म लैजान वीमारी, परमतिय स्वजन को मृत्यु, असाधारण घाटा, दुर्घटना, विश्वासनीय भित्रहरुका घटनाहरु यस कारण पनि आउँछन् कि त्यस्को गहिरो र चोटिलो धक्काको

आघातबाट मानिस तिलमिलाउने र सहज भएर आफ्नो भुल सुधारोस । गलत बाटोलाई छोडेर सहीबाटोमा आओस ।

पुर्व संचित शुभ सस्कारहरुका कारणबाट यस कारण दुख आउँछ कि  शुभ संस्कार यौटा सच्चा चौकीदार जस्तै व्यक्तिलाई उत्तम बाटोमा जान खोज्छन् तर जब उसको प्रकृति पथ तिर ढालिन्छ तब ती शुभ संस्कारले यसलई आफुतिर माथि आक्रमण भएको ठान्दछन् र यसबाट आफ्नो बचाउँ गर्नका लागि पुर्ण प्रयत्न गर्दछन कोही व्यक्तिले पाप कर्म गर्न हिडेको हुन्छ तर बाटोमा यस्तो विध्न बाधा उपस्थित हुन्छ कि त्यसबाट उसको कार्य सफल हुदैन । त्यो पाप हुदै हुन पाउँदैन । चोरी गर्न भनि हिडेको मानिसको बाटोमा अकस्मत खुट्टा भाचिन गयो र दुष्कर्म पुरा हुन सकेन भने पुर्व संचित शुभ संस्कारहरु र पुण्य फलले गर्दा यस्तो भएको भन्ने बुझ्नु पर्दछ । धर्म गर्नमा कर्तव्य धर्मको पालन गर्नुमा असाधारण कष्ट सहज पर्ने हुन्छ । अभावको सामना गर्नू पर्ने हुन सक्दछ । यसका अतिरिक्त दुष्तात्मा हरुमा आफ्ना पापपुर्ण स्वार्थमा आघात पर्न लागेको देखी पछि धर्म सेवाका बिरुद्ध हुन पुग्दछ र थरिथरिका यातना दिनछन । यस प्रकारको कष्ट सत पुरुषहरुले प्रत्येक पाईलामा सहनुपर्ने हुन्छ । यो प्रणय सँचयको र तपश्चर्याको तर्फबाट सत्यताको परिक्षा दिएर स्वर्ण समान टल्काउने खालका दुख दिन्छन ।

निसंदेह केही दुख त पापका परिणाम स्वरुप पनि हुन्छन तर यो पनि निश्चित छ कि भगवान को कृपाबाट पुर्ण संचित सकारात्मक र धर्म सेवाका तपश्चर्याबाट पनि दुख आएको हुन्छ । यसै जब हामीमाथी कुनै विपत्ति आई लाग्यो भने हामी त पापी रहेछौ , अगामी रहेछौ , ईश्वरका कोप भजन रहेछौ भन्ने कुरा मात्र सोच्नु हुन्न । संभवत त्यो कष्टको पीधामा यस्तो लाभ लुकेर बसेको छ कि जसलाई हाम्रो  मष्टिष्कले आज ठीक तुरुष्त रुपले चिन्न सकेको छैन।

अरुहरुले अनिति रअत्यार गर्ेर कुनै निर्दोष ब्याक्तिलाई सताएको हुनसक्छ । शोषण, उत्पीडन, शोषण भएर कोही ब्याक्तिले दुख पाएको हुनसक्छ । यस्तो अबस्थामा अन्यालीलाई उसको भबिस्यमा कर्मको दण्ड त मिल्छ नै तर अहिले त निर्दोसले त्यतिकै कष्ट सहनुपरेको छ । त्यस्ता घटनाहरुमा त्यो दुख पाउने ब्यक्तिको कर्मफल हो भन्न मिल्दैन ।

यो जुनीमा मोज मजा गर्न पाईरहेको मानिसलाई पुर्वजन्मको धर्मात्मा र सधै दुख कठिनाई मा रहने ब्याक्तिलाई पुर्वजन्मको पापी भनिहाल्न मिल्दैन । यस्तो मान्यता अनुचित र भ्रमपुर्ण हुन्छ । यो भ्रमको आधारमा कोही ब्यक्तिले आफुलाई खराब ठान्नु , आत्म ग्लानि गर्नु आफुलाई निच र निँदित ठान्नु आबस्यक हुदैन । कर्मको गति गहन हुन्छ । त्यसलाई हामिले सजिलै तरिकाले बुझ्न सक्दैनौँ यो त परमात्माले मात्र जानेका छन।

हामिले आफनो कर्तब्य र उत्तरदायित्व पुरा गर्नका लागी प्रत्येक क्षणमा प्रयत्नशिल एवम जागरुक रहनुपर्दछ । जे जति दुख सुख आउछन् तिनलाई धैर्यपुर्वक स्वीकार गर्नु पर्दछ । मानिसको जिम्मेवारी आफनो कर्तब्य धर्मको पालन गर्नु हो । सफलता वा असफलता या दुख सुख अनेक कारण बाट हुने गर्दछन ।यसलाई ठीक प्रकारले कुनै ब्याक्ति र कसैलाईपनि थाहा हुदैन।

समाप्त